**हावाहुरीबाट जोगिने उपायहरू**
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षितरूपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरू खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं ।

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com

**जनहितमा जारी सन्देश**
- सम्पूर्ण तराई 'लू'को चपेटामा छ,
- आवश्यक काम नपरी बाहिर ननिस्कौं,
- बाहिर निस्कनै परे छाता लिएर, टाउकोमा गम्छा राखेर, प्रशस्त पानी खाएर निस्कौं ।

वीरगंज महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय

❖ वर्ष ३७ ❖ २०८१ असार ०४ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2024 June 18 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क २८६

## वीरगंज कारागारमा कैदीबन्दीभन्दा थुनुवा सङ्ख्या बढी
## हजार क्षमताको कारागारमा १४ सय सजाय भोग्दै

प्रस, वीरगंज, ३ असार/

बन्दी सुधारगृह (वीरगंज कारागार)मा कैदीबन्दीभन्दा थुनुवाको सङ्ख्या बढी रहेको छ। बन्दी सुधारगृह वीरगंजका प्रमुख विनय श्रीवास्तवले कारागारमा महिला र पुरुष कैदीहरूमध्ये थुनुवाहरूको सङ्ख्या बढी रहेको बताए।

उनले पुरुष बन्दीगृहमा ६७१ जना कैदीबन्दी रहेका र अदालतबाट पुर्पक्षका लागि थुनामा रहेकाको सङ्ख्या ७३३ रहेको बताए। यसैगरी, महिलातर्फ ३१ जना कैदीबन्दी रहेका र ३२ जना पुर्पक्षका लागि थुनुवामा रहेको उनले जानकारी गराए। उनले महिला र पुरुष कैदीबन्दी थुनुवाहरूको सङ्ख्या सुधारगृहको क्षमताभन्दा बढी रहेको बताए।

बन्दी सुधारगृह वीरगंज कारागार पुरानै संरचनामा छ र पछिल्लोपटक यसको क्षमता विस्तार भएर एक हजारजना कैदीबन्दी राख्नुपर्नेमा पुरुषतर्फ ४०० कैदीबन्दी र थुनुवाहरू बढी छन्।




उनीहरूको बसाइ अहिले गर्मीमा निकै कष्टकर छ। एक हजार क्षमताको बन्दीगृहमा चार सयभन्दा बढी कैदीबन्दी र थुनुवाहरू भएकाले बस्नलाई समस्या भएको प्रमुख श्रीवास्तवले बताए। मरम्मतसम्भार गरेर बन्दीगृहमा रहेका पुरुषतर्फको सातवटा ब्लक सञ्चालनमा रहेको र त्यसमा क्षमताभन्दा बढी कैदीबन्दी र थुनुवाहरू हुँदा गर्मीयाममा समस्या भएको बताए। उनले कारागारतर्फबाट सातवटा ब्लकमा ४० वटा पङ्खा जडान भएको र ठूलो सङ्ख्यामा कैदीबन्दी र थुनुवाहरूले आफैं पङ्खा ल्याउने र थुनामुक्त भएपछि लिएर जाने गरेको उनले बताए।

कैदीबन्दी र थुनुवाहरूले आफैं ल्याउने पङ्खाको सङ्ख्या २१० भन्दा बढी रहेको प्रमुख श्रीवास्तवले जानकारी गराएका छन्। बन्दीगृहमा नयाँ र पुराना गरी ५१ वटा शौचालय रहेका र मौजुदा अवस्थामा सो पर्याप्त रहेको उनले बताए। पुरुषतर्फको यो अवस्था छ भने महिलातर्फ ४० जना क्षमतामा अहिले ६३ जना कैदीबन्दी र थुनुवाहरू छन्। एउटा मात्र ब्लक रहेको महिलातर्फ भने खासै समस्या नरहेको उनले जानकारी गराए।

बन्दी सुधारगृह वीरगंज कारागारमा सबैभन्दा धेरै लागूऔषधसम्बन्धी मुद्दाका कैदीबन्दी र थुनुवाहरू रहेका प्रमुख श्रीवास्तवले बताए। महिला र पुरुष दुवै ब्लकमा लागूऔषधसम्बन्धी मुद्दामा सजाय भोग्नेहरूको सङ्ख्या बढी रहेको उनले बताए।

## यमुनामाईद्वारा टेन्डर गोप्यरूपमा प्रकाशन गरी अनियमितता

प्रस, रौतहट, ३ असार/

यमुनामाई गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत तथा जनप्रतिनिधिको मिलेमतोमा तीन करोड ८५ लाखको टेन्डर गोप्यरूपमा प्रकाशन गरी अनियमितता गरेको भन्दै रञ्जीत रामले जिल्ला प्रशासन कार्यालय, रौतहटमा उजूरी गरेका छन्।

राष्ट्रिय योजना आयोगबाट बोरिङ र दमकलका लागि एक करोड, तराई–मधेस समृद्धि कार्यक्रम अन्तर्गत जनता आवास कार्यक्रमको लागि २५ लाख, राष्ट्रिय योजना आयोगबाट मदरसा र विद्यालयको लागि ५० लाख, गाउँपालिकाबाट ५० लाख, सडक बोर्डबाट ५० लाख तथा वित्तीय समानीकरणबाट एक करोड १० लाख गरी तीन करोड ८५ लाखको गोप्यरूपमा टेन्डर प्रकाशित गरेर अनियमितता गरेको उजूरीकर्ता रामले बताए।

उजूरीमा ठेक्का बन्दोबस्त गर्दा शुरू हुने मितिले तीन महीनाअगावै पत्रपत्रिका र ठाउँठाउँमा सूचना टाँस गरी सूचना प्रकाशित गर्नुपर्ने कानूनी प्रावधान छ।

अपर्झट कुनै सूचना प्रकाशित गर्नुपर्ने भएमा एकपटक सूचना प्रकाशित गरी टेन्डर दाखिला वा बढाबढ वा घटाघट भइसके तापनि टेन्डर आमन्त्रित गर्नुपर्ने भएमा कम्तीमा एक हप्ताको म्याद दिई सूचना प्रकाशित गर्नुपर्ने कानूनी प्रावधान रहेको उजूरीमा उल्लेख छ।

यमुनामाई गापाका प्रमुख प्रशासकीय अधिकृत तथा जनप्रतिनिधिहरूले गोप्यरूपमा सूचना प्रकाशित गरी ठेक्कापट्टा गर्न लगाएका छन्। यसबारे गत फागुन १५ गते रामले ज्ञापनपत्रसमेत बुझाएको बताए।

असार महीनामा ठेक्कापट्टा हुने कानूनी प्रावधान नरहेको भन्दै रामले कानूनविपरीत कार्य गर्नेहरूलाई कारबाई गर्न तथा पारदर्शी तरीकाले ठेक्कापट्टा गराउन माग गरेका छन्।

जिल्ला प्रशासन कार्यालय, रौतहटले उजूरी सम्बन्धमा के कसो भएको हो, पछि फरक नपर्ने गरी त्यस कार्यालयबाट राय प्रतिक्रियासहित उजूरीमा उल्लेख सम्पूर्ण कागजात प्रमाण यथाशीघ्र जिप्रकामा उपलब्ध गराउन सहायक प्रमुख जिल्ला अधिकारी नरेशकुमार यादवद्वारा हस्ताक्षरित पत्रले माग गरेको छ।

## विद्यालयले अभिभावकहरूको फोन नम्बर दिएपछि भारतीय कलेजका प्रतिनिधिहरूको फोन आतङ्क

प्रस, वीरगंज, ३ असार/

भारतीय शैक्षिक माफियाहरूको फोन आतङ्कले वीरगंजलगायत आसपासका अभिभावकहरू केही दिनदेखि हैरान छन्।

भारतमा रहेका विभिन्न कलेजबाट आएका प्रतिनिधिहरूले वीरगंजमा बसी भाडाका युवाहरूमार्फत अभिभावकहरूलाई दिनभरि फोन गर्न लगाउँदा अभिभावकहरू हैरान भएका हुन्।

फोन गर्नेले भारतमा रहेका कलेजले शतप्रतिशत छात्रवृत्ति दिने, कलेजमा राम्रो पढाइ हुने तथा होस्टलमा घरजस्तो व्यवस्था रहेकोले चाँडै भेट्न आग्रह गर्ने गरेको अभिभावकहरूको भनाइ छ।

माध्यमिक शिक्षा परीक्षा (एसइई)को परीक्षाफल आउन केही दिन मात्र बाँकी रहेका बेला कलेजका प्रतिनिधिहरूले अभिभावकहरूलाई आफ्ना बालबालिका भारतीय कलेजमा नै पढाउन फोनमार्फत आग्रह गरिरहेका छन्। अभिभावकहरूलाई फोन आउनुको कारण भने भारतीय कलेजका प्रतिनिधिहरूलाई विद्यालयहरूले अभिभावकहरूको फोन नम्बर उपलब्ध गराएको देखिन्छ।

वीरगंजमा रहेका संस्थागत विद्यालयहरूले एसइई उत्तीर्ण हुने विद्यार्थीका अभिभावकहरूको फोन नम्बर भारतीय कलेजका प्रतिनिधिहरूलाई उपलब्ध गराएपछि फोन आतङ्क बढेको हो। उपलब्ध नम्बरमा भाडाका युवकयुवतीले अभिभावकहरूसँग सीधा सम्पर्क गर्न थालेका हुन्।

वीरगंजका संस्थागत विद्यालयहरूले भारतीय कलेजहरूमा आफ्ना विद्यार्थीहरू भर्ना भएमा कमिशन आउने लोभमा अभिभावकहरूको मोबाइल नम्बर दिएका हुन्। अधिकांश अभिभावकले सञ्चारकर्मीहरूसँग फोन आतङ्क रोक्न मागसमेत गरेका छन् भने केहीले फेसबूकमार्फत कारबाईको माग पनि गरेका छन्।

विगतमा भारतीय कलेजहरूले वीरगंजमा शैक्षिक मेलाको आयोजना गरी विद्यार्थीहरूलाई आफ्नो कलेजमा भर्ना हुन अभिप्रेरित गर्थे।

भारतमा पढ्न जाने विद्यार्थीहरू ठगीमा पर्ने गरेका सयौं उजूरी शिक्षा मन्त्रालयमा परेका गरेका छन्। उनीहरूले शैक्षिक मेलामा देखाएका र बताएका अनुसार कलेज रहने नगरेको, होस्टलमा चरम शोषण हुने गरेको, राम्रो खाना नखुवाउने, होस्टलमा चुन्द्रेमुन्द्रेको आतङ्क, लागूऔषध खुलेआम बिक्री हुने गरेको त्यहाँबाट फर्केका विद्यार्थीहरूले जिल्ला प्रशासन कार्यालय, पर्सामा उजूरी गरेको घटना पनि बाहिर आएको छ। यसै कारण यसपालि शिक्षा मन्त्रालयले विदेशी शैक्षिक संस्थानहरूलाई शैक्षिक मेला लगाउन अनुमति नदिंदा भारतीय कलेजका शैक्षिक माफियाहरूले अहिले अभिभावक तथा विद्यार्थीहरूलाई सीधा




वीरगंजका एकजना अभिभावकले फेसबूकमा लेखेको स्टाटस

मोबाइल फोनमा सम्पर्क गरी प्रभावमा परिरहेका छन्। यतिमात्र हैन, केही भारतीय शैक्षिक माफियाहरू घरसम्म पुग्ने गरेका पीडितहरूको भनाइ छ। भारतीय कलेजका प्रतिनिधिहरूले विद्यालयका शिक्षकमार्फत अभिभावकहरूलाई होटलमा बोलाइ भोजभतेरसमेत गर्ने गरेका छन्।

## वीरगंज भन्सारले दुई वर्षदेखि मासिक लक्ष्य पनि भेटाउन सकेन

नितेश कर्ण, वीरगंज, ३ असार/

वीरगंज भन्सार कार्यालयले गत आवको तुलनामा चालू आवमा पनि लक्ष्य अनुसार राजस्व उठाउन सकेको छैन। वीरगंज भन्सारले गत आव २०७९/८० मा लक्ष्यको कम्तीमा ५०.३० र बढीमा ८५.५० प्रतिशतसम्म राजस्व सङ्कलन गरेको थियो। तर चालू आवमा कम्तीमा ५०.५३ र बढीमा ७५.९६ प्रतिशत राजस्व सङ्कलन गरेको छ।

वीरगंज भन्सार कार्यालयका सूचना अधिकारी राघवलाल कर्णले गत आवको मङ्सिरमा सबैभन्दा कम राजस्व सङ्कलन भएको बताए। उनले सो अवधिमा २१ अर्ब ६९ करोड ४२ लाख ४५ हजार मासिक लक्ष्य रहेकोमा १० अर्ब ९० करोड ६० लाख ५६ हजार मात्र राजस्व सङ्कलन भएको बताए। यसैगरी गत आवमा सबैभन्दा बढी साउनमा १५ अर्ब २० करोड सात लाख ५५ हजार लक्ष्य रहेकोमा १२ अर्ब ९८ करोड ९९ लाख २३ हजार राजस्व सङ्कलन भएको बताए।

चालू आव २०८०/८१ मा कात्तिकमा सबैभन्दा कम राजस्व सङ्कलन भएको उनले बताए। उनले कात्तिक महीनामा २० अर्ब ४३ करोड ८८ लाख ४३ हजार लक्ष्य रहेकोमा १० अर्ब ३२ करोड ८१ लाख ५० हजार मात्र राजस्व सङ्कलन




भएको बताए। यसैगरी, चालू आवमा पनि साउन महीनामा सबैभन्दा बढी ७५.९६ प्रतिशत राजस्व सङ्कलन भएको सूचना अधिकारी कर्णले बताए। उनले साउनमा १५ अर्ब ६२ करोड ३७ लाख ७२ हजार लक्ष्य रहेकोमा ११ अर्ब ८६ करोड ८४ लाख ४७ हजार राजस्व सङ्कलन भएको जानकारी गराएका छन्।

सूचना अधिकारी कर्णका अनुसार भदौमा १९ अर्ब ३८ करोड छ लाख ७० हजार लक्ष्य रहेकोमा १२ अर्ब ७१ करोड २२ लाख २५ हजार (६५.५९ प्रतिशत), असोजमा २१ अर्ब ८४ करोड १९ लाख ५० हजार लक्ष्य रहेकोमा १४ अर्ब २७ करोड ४४ लाख २१ हजार (६५.३५ प्रतिशत), मङ्सिरमा २० अर्ब ४३ करोड ८८ लाख ४३ हजारको लक्ष्यमा १० अर्ब ३२ करोड ८१ लाख ५० हजार (५०.५३ प्रतिशत), पुसमा २१ अर्ब ५१ करोड ३९ लाख २६ हजारको लक्ष्यमा १२ अर्ब ७४ करोड १२ लाख ८५ हजार (५९.२२ प्रतिशत), माघमा १९ अर्ब ७४ करोड १३ लाख ९९ हजारको लक्ष्यमा ११ अर्ब ८३ करोड २७ लाख ५८ हजार (५९.९४ प्रतिशत), फागुनमा २१ अर्ब ३८ करोड ८१ लाख १९ हजारको लक्ष्यमा १३ अर्ब १३ करोड ४२ लाख आठ हजार (६१.४१ प्रतिशत), चैतमा २० अर्ब ७९ करोड ९ लाख २३ हजारको लक्ष्यमा १४ अर्ब ४५ करोड ६६ लाख १२ हजार (६९.५३ प्रतिशत) र वैशाखमा २० अर्ब ९० करोड ९८ लाख २३ हजारको लक्ष्यमा १३ अर्ब २९ करोड ४७ लाख ६४ हजार (६३.५८ प्रतिशत) राजस्व सङ्कलन भएको बताए।

उनले गत र चालू आवका कुनै पनि महीनामा लक्ष्य अनुसार राजस्व सङ्कलन हुन नसकेको बताए।

## धानखेतीबारे परम्परागत र नयाँ प्रविधिबारे किसानलाई प्रशिक्षण

प्रस, परवानीपुर, ३ असार/

वीरगंजस्थित कृषि औजार अनुसन्धान केन्द्रले सोमवार जलवायुमैत्री कृषि प्रविधिबारे एक दिने तालीम किसानहरूलाई दिएको छ।

केन्द्रमा आयोजित तालीममा पर्सा, बाराका किसानहरूलाई सुक्खायाम र हिले मौसममा झरुवा धान र बेर्ना तयार गरी ट्याक्टरबाट धान रोप्ने विधि र झारपात व्यवस्थापन गर्नेबारे जानकारी गराइएको थियो।

कार्यालय प्रमुख सचिन मिश्रले सुक्खा र हिले मौसममा कसरी धान रोप्ने भन्नेबारेमा किसानहरूलाई जानकारी गराउने उद्देश्यले तालीम आयोजना गरिएको बताए। उनले कृषि उपकरणबाट धान रोपाइँ गर्दा ज्याला मजदूरीमा खर्च कम हुने र समयको पनि बचत हुने हुँदा कृषि प्रविधिबारे जानकारी गराइएको बताए।

सहभागी किसानहरूलाई इन्जिनीयर विकास केसी, द्वारिका चौधरी, सुनील सहनी र कैलाश भुडेलले धानखेती र प्रविधिबारे प्रशिक्षण दिएका थिए।



हिले झरुवा धानखेतीबारे प्रशिक्षण लिंदै किसान। तस्वीरः प्रतीक

## स्थानीय तहद्वारा साडीमा व्यापक अनियमितता

शैलेन्द्र झा, रौतहट, ३ असार/

हिन्दू तथा मुस्लिमहरूका विभिन्न पर्वमा स्थानीय सरकारले महिलाहरूलाई साडी वितरण गरी व्यापक अनियमितता गरिरहेको छ। स्थानीय सरकारका नगरप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतहरूको व्यक्तिगत स्वार्थका कारण अनियमितता भइरहेका छन्।

रौतहट जिल्लाका अधिकांश स्थानीय

(बाँकी पाँचौं पातामा)

### विचारसार र सुक्तिहरू

मानिसहरू मन्दिर–मस्जिदमा उपासना त गर्छन् तर यो बिर्सन्छन् कि ईश्वर वा खुदा त्यस ठाउँमा पनि हुन्छ, जहाँ उनीहरू पापकर्म गर्छन् ।

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.eprateekdaily.com

# बजेट यथार्थपरक राम्रो

वीरगंज महानगरपालिकाले आगामी आर्थिक वर्ष २०८१/८२ को लागि यथार्थपरक बजेट ल्याउने गृहकार्य गरिरहेको छ। यो सराहनीय कार्य हो। भनिन्छ, 'घाँटी हेरी हाड निल्नुपर्छ।' यसो गर्दा हाड घाँटीमा अड्किने डर हुँदैन। अन्यथा हाड अड्किन्छ र समस्या सिर्जना हुन्छ। बजेट ल्याउने सन्दर्भमा अहिलेसम्म वीरगंज महानगरले आफ्नो घाँटी नहेरी ठूलो हाडरूपी बजेट मात्र ल्याएको छ। सङ्घीय गणतन्त्रपछि वीरगंज महानगरको नेतृत्व सम्हालेका पूर्वनगरप्रमुख विजयकुमार सरावगीदेखि वर्तमानमा नेतृत्व सम्हालिरहेका नगरप्रमुख राजेशमान सिंहले महानगरको सातौँपटक बजेट आउने क्रममा यथार्थपरक बजेट ल्याउने प्रयास गरेका थिएनन्। पूर्वनगरप्रमुख सरावगीको पालामा महानगरपालिकाको बजेट धेरै देखाउने अवसर मिलेको थियो। एशियाली विकास बैंक (एडिबी), नेपाल सरकार र महानगरपालिकाको संयुक्त लगानीमा मझौला शहर एकीकृत वातावरणीय आयोजना सञ्चालनमा थियो। करीब साढे तीन सय करोडको सो आयोजनामा महानगरपालिकाले करीब आठ प्रतिशत म्याचिङ फन्डको अभिभारा वहन गर्नुपर्ने थियो। तर महानगरपालिकाले तत्कालीन अवस्थामा बजेट बनाउँदा आयोजनाको रकमलाई पनि समावेश गरेर ठूलो आकारको बजेट ल्याएको देखिन्थ्यो।

पूर्वनगरप्रमुखकै पालामा संयोगवश एडिबी, नेपाल सरकार र महानगरपालिकाको संयुक्त लगानीमा सघन शहरी विकास आयोजना सञ्चालन भयो। यो आयोजना पनि करीब तीन सय करोडको थियो र महानगरपालिकाले यसलाई पनि आफ्नो बजेटमा समावेश गरेर ठूलो आकारको बजेट प्रस्तुत गर्दै आएको थियो। वर्तमान नगरप्रमुख सिंहले नेतृत्व सम्हाल्नु अघि नै सघन शहरी विकास आयोजना सम्पन्न भइसकेको थियो। तर पनि नगरप्रमुख सिंहले चालू आव २०८०/८१ मा आफ्नो नेतृत्वमा रु तीन अर्ब २१ करोडको बजेट प्रस्तुत गरेका थिए। चालू आवमा सङ्घ सरकारले महानगरलाई करीब एक अर्ब २८ करोड र प्रदेश सरकारले २५ करोड अनुदान सहयोग दिने घोषणा गरेको थियो। महानगरको आन्तरिक आयस्रोत भने रु ६५ करोडभन्दा बढी छैन। यो अवस्थामा रु तीन अर्ब २१ करोडको बजेट पुग्ने अन्य कुनै आधार देखिँदैन। तर पनि महानगरले गत पुसमा बजेट संशोधन गर्दै मधेस प्रदेशबाट घोषित २५ करोड अनुदान सहयोग प्राप्त नहुँदै सो रकमलाई थप गरेर तीन अर्ब ४६ करोड पुऱ्यायो। यतिमात्र होइन आन्तरिक आयस्रोत ७० करोडबाट ९५ करोड पुऱ्यायो।

आन्तरिक आय अहिले ६५ करोड पुग्ने आधार छैन तर ९० करोडको लक्ष्य बनाएको छ। यसैगरी, संशोधित बजेटको २५ करोड अहिले मधेस प्रदेश सरकारले पठाएको छैन र सम्भवतः चालू आवमा आउने लक्षण पनि छैन। यसैबीच, सङ्घ सरकारले चालू आवको अनुदान सहयोगमा २५ प्रतिशत कटौती गरेको छ। अहिले महानगरपालिकालाई कर्मचारीको तलब सुविधा, ठेकेदारको भुक्तानी, अवकाशप्राप्त कर्मचारीहरूको उपदान गरी करीब ८५ करोड भुक्तानी दिनुपर्ने दायित्व छ। यस्तो अवस्थामा महानगरपालिकाले यथार्थपरक बजेट ल्याउने जमर्को गर्नु राम्रो कुरा हो। यथार्थपरक बजेट भएमा त्यसै अनुसार काम हुन्छ र सबैको भुक्तानी पनि हुन्छ। घाँटी नहेरी हाड निल्दाको परिणाम अहिले महानगरले भोगिरहेको छ। बजेटको आकार बढाएर भुक्तानीको समस्या झेल्नु कुनै पनि अर्थमा राम्रो काम होइन।

# जातीय विभेदको क्रूर तस्बिर

"Whenever I hear anyone arguing for slavery, I feel a strong impulse to see it tried on him personally."
-Abraham Lincoln

जाति व्यवस्था हिन्दू समाजको सबैभन्दा प्रमुख विशेषताहरूमध्ये एक हो। ऐतिहासिकरूपमा मानिसहरूलाई तिनीहरूको कर्म (काम) र धर्म (कर्तव्य)को आधारमा श्रेणीबद्ध समूहहरूमा विभाजन गरिएको थियो। चार मुख्य वर्ण (ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र) र अछूत (दलित)ले परम्परागत जातीय पदानुक्रम गठन गरेको पाइन्छ। निम्न जाति र दलितहरूले प्रणालीगत उत्पीडन र बहिष्कारको सामना गर्दै यो प्रणाली भेदभावको प्राथमिक स्रोत भएको थियो। समय र मानिसको चेतनाको साथै शिक्षा र विवेकको क्रमिक विकाससँगै यसविरुद्ध विश्वव्यापी आवाजहरू उठ्दै गए, नेपाल पनि यसबाट अछूतो रहन सकेन। प्रजातान्त्रिक आन्दोलनका विभिन्न चरणहरू पार गर्दै जाँदा जातीय विभेदविरुद्धमा नेपालमा पनि ठूलाठूला आन्दोलन भए, त्यसमध्ये माओवादी विद्रोहले यसको नेतृत्व बुलन्दरूपले लियो, जसको परिणामस्वरूप ओन्सरी घर्तीमगरदेखि नन्दकिशोर पुन हुँदै सीमान्तकृत समूहले राज्यका विभिन्न तहमा आफ्नो नेतृत्वदायी भूमिका खेल्न पायो र २०७२ को संविधानले जातीय विभेदलाई कानूनीरूपमैं वर्जित गऱ्यो। तथापि व्यवहारमा आज पनि ती विभेदहरू समाजमा विद्यमान छन्। मनुस्मृतिको धङधडी आजपर्यन्त समाजमा देखिएको छ।

गहिरोरूपमा जकडिएर रहेको जाति व्यवस्थाले कठोर सामाजिक स्तरीकरणको नेतृत्व गरेको पाइन्छ। जहाँ व्यक्तिको सामाजिक स्थिति, पेशा, र जीवनका अवसरहरू तिनीहरूको जन्मले निर्धारण गरिन्छ। यस स्तरीकरणले भेदभावलाई निरन्तरता दिन्छ, किनकि तल्लो जात र सीमान्तकृत समुदायका मानिसहरूलाई शिक्षा, रोजगार र सामाजिक गतिशीलतामा पहुँचबाट वञ्चित गरिन्छ।

अन्तरविवाह वा एक जातभित्र विवाह, एक परम्परागत अभ्यास हो, जसले जातीय रेखाहरूको शुद्धता कायम राख्छ भन्ने पुरातन सोच समाजमा कायमै छ। यसले सामाजिक पृथकीकरणको नेतृत्व गर्छ, जहाँ समुदायहरू फरक सामाजिक क्षेत्रमा बस्छन्, भेदभाव थप उत्प्रेरित हुन्छ। अन्तरजातीय विवाह बढ्दै गए पनि अझै पनि उल्लेखनीय प्रतिरोध र क्रूर सामाजिक कलङ्कको सामना गर्नुपरेको यथार्थ हामीबाट लुकेको छैन। अझ भन्नुपर्दा मधेस प्रदेशमा आज पनि ६० वर्ष अघिकै जस्तो जातीय विभेद गाडिएर बसेको छ।

नेपाली समाजमा एक जातिले अर्को जातिलाई हेर्ने र बुझ्ने सामाजिक मनोविज्ञान फरक छ। शिक्षित र सचेत मानिसमा पनि जातीयताको छाप उत्तिकै बलियो छ। चेतना र बुझाइका हिसाबले अलिकति तलमाथि होला, तर जात व्यवस्थाको मनोवैज्ञानिक प्रभाव समाजमा उच्चतम छ। सामान्य काम र अवस्थामा पनि यसको प्रयोग भइरहेको हुन्छ। तहगतरूपमैं एकअर्कालाई होच्याउने भइरहन्छ। यहाँसम्म कि एउटा अन्तरजातीय वैवाहिक जोडीको बीचमा झैँझगडा हुँदा पनि एकले अर्कालाई जातकै आधारमा गालीगलौज गरिरहेका हुन्छन्। जातलाई नै औंला ठड्याइरहेका हुन्छन्।

हरेक मानिस नाम सोध्दा थरको गहिराइसम्म पुग्न खोज्छन्। चाहे त्यो गाउँघरमा होस् वा अदालतकै कठघरामा किन नहोस्, शिक्षित हुन् या अशिक्षित।

स्वतन्त्र विचार



राजेन्द्रप्रसाद कोइराला Phd
rajendrakoirala20@gmail.com

**हाम्रो पूर्वीय सभ्यतालाई वर्षौंसम्म पश्चिमा मुलुकहरूले शासन गर्ने धेरै कारणमध्ये आपसी जातीय विभेद पनि एक हो। जातजातमा लडाइँ गराइदिएर उनीहरूले शासन गरे। आज पनि हामी त्यस जातीयताको धङधडी र उन्मादबाट बाहिर निस्कन सकेका छैनौं। संसारमा दुईवटा मात्र जात छन्– एक महिला र अर्को पुरुष।**

सुरुआती परिचय जातकै वरपर घुमिरहन्छ। निधार र नाक नखुम्च्याउन्जेलसम्म यो क्रम चलिरहन्छ। एउटा विश्वकर्माले कामी र परियारले सार्की, एउटा हरिजन वा महराले चमार र मरिकले डुम नभनुन्जेलसम्म धर पाउँदैनन्। बाहुन, क्षेत्रीले पनि बाहुन वा क्षेत्री मात्रै भनेर पुग्दैन। बाहुन हो भने कुन बाहुन ? कुमाइँ हो कि पुर्बिया वा जैसी ? क्षेत्री हो भने कुन क्षेत्री हो ? खस क्षेत्री हो कि खत्री क्षेत्री ? यसमा पनि कुन खलक र गोत्रको ? यसरी स्वजातीयभित्रै पनि यो उपक्रम चल्छ। यो कथितरूपले तहगत छ। विभेदपूर्ण छ। अमानवीय छ। तर पनि यो किन टिकिरहेको छ ? जात व्यवस्थाको सामाजिक मनोविज्ञानको प्रभाव मानिसको मस्तिष्कमा कति गहिरोसँग परेको छ, यसैबाट बुझ्न सकिन्छ।

केही समयअघि मात्रै महिला आयोगको शौचालयमा पुगेर विश्वकर्मा थरकी एक महिलाले विषपान गरी आत्महत्या गर्ने प्रयास गरेकी थिइन्। उनले काठमाडौंमैं बसेर थापा थरका युवासँग प्रेमविवाह गरी घरजम गरेकी थिइन्। केटा पक्षका अभिभावकले दलित बुहारीलाई घर भित्र्याउन अनिच्छा जाहेर गरेपछि उनीहरूबीच सम्बन्धविच्छेदको लामो र झन्झटिलो अदालती प्रक्रिया शुरू भयो। त्यसपछि आजित भएर उनी विषपान गर्न पुगेकी थिइन्। बाराको फेटा गाउँपालिका–१ त्रिवेणीमा दलित युवासँग प्रेम गरेकै कारण बुबाले आफ्नी १४ वर्षीया छोरीलाई हत्या गरेर टाउको र शरीर फरकफरक ठाउँमा फालेको बीभत्स घटना सार्वजनिक भयो। कैलालीको गोदावरी नगरपालिका–९ का सुरेश विश्वकर्मासँग सरस्वती खड्काले उमेर पुगेरै अन्तरजातीय विवाह गरिन् तर दलितसँग विवाह गरेकै कारण युवती पक्षले घरमैं पसेरै उनीमाथि निर्घात कुटपिट गऱ्यो। काभ्रेको भम्लु गाउँपालिका–२ सिमलथलीमा धर्मध्वज भण्डारीले दलितसँग बिहे गरेपछि परिवारको एक श्रद्धा कार्यमा समय दिएर पनि पुरोहित आएनन्। बाजुराको हिमाली गाउँपालिका–३ की गर्भवती महिला निकी (नाम परिवर्तन)लाई राति घरमैं पसेर बलात्कार गरेको घटनालाई लिएर आफन्त प्रहरीकहाँ उजूरी दिन पुग्दा उल्टै उनीहरूलाई नै गिरफ्तार गरियो। होटलमा पानी छोएकै निहुँमा डोटीका केआईसिंह गाउँपालिका–४ का रमेश भुलमाथि निर्घात कुटपिट भयो। जातकै कारण यस्ता अनगिन्ती घटना सार्वजनिकरूपमैं र सार्वजनिक ठाउँमैं हामी भोग्न अभिशप्त छौं। गाउँदेखि शहरसम्मको दूरवस्था एउटै छ। गैरदलित युवतीले दलित युवासँग प्रेम गरेकै कारण एउटा सचेत र शिक्षित भनिने परिवार आफ्नै छोरीको निर्मम हत्या गर्न राजी छ। घरमैं पसेर निर्घातरूपमा कुटपिट गर्ने साहस गर्छन् तर आफूभन्दा तल्लो जात स्वीकार्न तयार छैनन्। आफूभन्दा तल्लो जातका छोरी, ज्वाइँ र बुहारी भित्र्याउन तयार छैनन्। जात व्यवस्थाले कतिसम्म हद नाघिसकेको छ भने यो समाजमा बालविवाह गर्दा कुनै फरक पर्दैन तर छोराछोरीले त्यही विवाह आफैंले रोजेर अन्य जातसँग गर्दा जातको कठघरामा उभ्याएर हिंसा गरिन्छ।

आखिर किन यस्ता घटनाहरू आजपर्यन्त समाजमा जरो गाडेर बसेको छ त ? कानून जतिसुकै कडा बनाए पनि कार्यान्वयन पक्ष जब कमजोर हुन्छ, यस्ता सामाजिक कुरीतिहरूले हामी डिजिटल युग भनाउँदा मानिसहरूलाई जिस्क्याइरहेको हुन्छ। यो हुनुको कारण राज्य बलियो नहुनु हो। राज्य बलियो नहुने कारण क्षणक्षणमा सरकार बदलिने प्रवृत्ति अर्थात् बलियो सरकारको अभाव हो। २००७ सालदेखि आजसम्म यो देशमा स्थायी सररकार गठन हुन सकेको छैन। जब सरकार कमजोर हुन्छ, यसले कडा र क्रूर निर्णय लिनै सक्दैन, अनि ती गरीब, निमुखा र सीमान्तकृतको आवाज त त्यत्तिकै दमित हुन जान्छ।

तीनै तहको सरकार, प्रहरी प्रशासन र अदालतमा समेत जात, धर्म, वर्ण र पहुँचकै आधारमा निर्णय हुँदा, अपराधीमाथि कारबाई नहुँदा, अपराधीको संरक्षण हुँदा र उनीहरूको मनोबल बढेकै कारण समाजमा विभेदका घटनाहरूमा बढोत्तरी हुँदै गएको छ। कतिसम्म भने एउटा घटना भएको प्रहरीमा उजूरी पर्दा र कानूनी कारबाई नहुँदा वर्ष दिन नपुग्दै एउटै गाउँमा पटकपटक एउटै किसिमको विभेद र हिंसाका घटना दोहोरिएका छन्। ब्रह्मपुरी गाउँपालिका–६ का रामाशिष महराले २०८० साउन ३० गते, मलङ्गवा नगरपालिका–१२ गमहरियाका नीलमदेवी पासवानले साउन ३० गते, सर्लाहीको गोडैता नगरपालिका–१० सिसौटियाका रामकिशोर महराले भदौ ५ गते, रामेश्वर महराले कात्तिक १२ गते, वडा नं ११ का रामवरण महराले असोज १६ गते प्रहरीमा उजूरी दिएका थिए। उनीहरूमाथिको यो घटना एकपछि अर्को शृङ्खलाबद्धरूपमा भएका घटना हुन्। तर यतिका समय बित्दा पनि अपराधीमाथि कुनै किसिमको कानूनी कारबाई भएको छैन। पीडितहरूले न्याय पाएका छैनन्। अपराधीहरूको मनोबल झन् बढेको पीडितहरूको भनाइ छ।

परम्परादेखि चलिआएको जात व्यवस्थामा आधारित समाजमा हरेक निर्णय र क्रियाकलाप जातकै आधारमा हुनु र गर्नु एक प्रकारले स्वाभाविक मानिएला तर प्रहरी प्रशासन तथा अदालतमैं पुगेका घटना पनि सोही आधारमा विचाराधीन र तजबिज हुन पुग्नु कतिको न्यायसङ्गत हुन्छ ? यिनै क्रियाकलापले गर्दा सर्वसाधारणमा कानूनी राज्यप्रतिको विश्वास खस्किंदै गएको छ। कतिसम्म भने उजूरी दिने नयाँ पीडितको सङ्ख्या पनि घट्दै गएको छ। विकल्प नहुँदा कानूनी राज्यको उपहास हुनेगरी गाउँघरमैं मिल्नुपर्ने सर्वसाधारणको बाध्यात्मक स्थिति छ। स्थानीय सरकारमा समेत विभेदकारी वर्गकै वर्चस्वका कारण यथास्थितिमैं समाजमैं मिलेर बस्नुपर्ने मनोवैज्ञानिक प्रभाव बलियो हुँदै गएको छ। यसले गर्दा अधिकांश घटना गाउँमैं दण्ड जरिवाना गर्ने, गराउने, दबाउने र लेनदेनमा टुङ्गिइरहेका छन्। यसरी आजको विकसित युगमा पनि जातकै आधारमा न्याय छनोटमा पर्नु यो कस्तो खालको लोकतान्त्रिक अभ्यास हो ?

देशमा जात व्यवस्था निकै संवेदनशील विषय बन्न पुगेको छ। जात व्यवस्थालाई मजबूत गर्न बलिया जातिहरूले स्वजातीय सङ्गठन र सञ्जाल निर्माण गरेर धर्मशालादेखि मठमन्दिर र पाटीपौवा जस्ता भौतिक संरचनासमेत निर्माण गरिरहेका छन्। यसको सिको कमजोर जाति र वर्गहरूले समेत गर्न थालेका छन्। जात जस्तो संवेदनशील विषयमा हुने र गरिने बहस तथ्य र तर्कमा आधारित र गम्भीर प्रकृतिको हुनुपर्ने हो तर यहाँ जातका नाममा अनेकौं भ्रम छर्ने प्रयत्न भइरहेका छन्। कतिपयले यसलाई मानवीय एकताविरुद्धको रूपमा लिइरहेका छन् भने कतिपयले जातीय स्वतन्त्रताका रूपमा बुझिरहेका छन्। प्रत्यक्ष परोक्षरूपमा नयाँ संविधानले पनि जातीय व्यवस्थालाई नै सबलीकरण गरेको छ।

देशमा विभिन्न स्वरूपमा रहेका निरङ्कुश व्यवस्था र प्रथाहरूको अन्त्य विभिन्न कालखण्डमा हुँदै आएको छ। यसै समाजमा अत्यन्त अमानवीय र चरमरूपमा रहेको सतीप्रथा जस्तो कुप्रथासमेत अन्त्य भएको इतिहास छ तर सतीप्रथा जत्तिकै घातकरूपमा रहेको जात व्यवस्थाको अन्त्य किन हुन सकिरहेको छैन ? लिच्छवी, मल्ल, राणा, शाह र पञ्चायतकाल हुँदै अहिलेको लोकतान्त्रिक व्यवस्थामा पनि किन यसले लगभग उसै गरी निरन्तरता पाइरहेको छ ? यो जात व्यवस्थाको सामाजिक मनोविज्ञानको प्रभाव कहिलेसम्म पुस्तान्तरण भइरहने हो ? राज्य, राजनीतिक दल र समाजका सचेत बौद्धिक वर्गले यसविरुद्ध सङ्गठितरूपमैं एउटा संयुक्त अभियानको थालनी कहिलेदेखि गर्ने हुन् ? समाजमा रहेको मानवताविरोधी निकृष्ट जातीय कुप्रथा निर्मूल पार्न विलम्ब नगरौं।

अन्त्यमा,

हाम्रो पूर्वीय सभ्यतालाई वर्षौंसम्म पश्चिमा मुलुकहरूले शासन गर्ने धेरै कारणमध्ये आपसी जातीय विभेद पनि एक हो। जातजातमा लडाइँ गराइदिएर उनीहरूले शासन गरे। आज पनि हामी त्यस जातीयताको धङधडी र उन्मादबाट बाहिर निस्कन सकेका छैनौं। संसारमा दुईवटा मात्र जात छन्– एक महिला र अर्को पुरुष।

"Caste is a notion; it is a state of the mind. The destruction of caste does not therefore mean the destruction of a physical barrier. It means a notional change." Dr. B.R. Ambedkar

(लेखक ज्ञानदा एकेडेमीका प्रमुख कार्यकारी अधिकृत हुन्।)

# कृषि विश्वविद्यालयका एक हजारभन्दा बढी विद्यार्थी दीक्षित

चितवन, ३ असार/रासस

कृषि तथा वन विज्ञान विश्वविद्यालयका एक हजार ५९ विद्यार्थी दीक्षित भएका छन्। प्रधानमन्त्री एवं विश्वविद्यालयका कुलपति पुष्पकमल दाहाल प्रचण्डले उनीहरूलाई दीक्षित गरेका हुन्।

कार्यक्रममा प्रमुख अतिथिका रूपमा सिक्किम स्किल विश्वविद्यालयका उपकुलपति प्राडा अजयकुमार मिश्र सहभागी थिए। सो अवसरमा स्नातक तह उत्तीर्ण ७९८ जना दीक्षित भए। विश्वविद्यालयका उपकुलपति प्राडा पुण्यराज रेग्मीका अनुसार कृषि सङ्कायतर्फ ५६८, पशु चिकित्सातर्फ ४७, मत्स्य विज्ञानका २६ जना र वन विज्ञानका १५७ जना विद्यार्थी दीक्षित भएका हुन्।

स्नातकोत्तरतर्फ कृषिका १२३ जना, पशु चिकित्साका ३६, पशु विज्ञानका २० जना, मत्स्य विज्ञानका १३ जना र वन विज्ञानका ६० गरी २५२ विद्यार्थी दीक्षित भएका छन्। विद्यावारिधिमा दीक्षित

(बाँकी तेस्रो पातामा)

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस्। रिलिफ भवन फोनः ९८४५११९४४८

# बजार व्यवस्थित नहुँदा सडकमैं आँप किनबेच

सिराहा, ३ असार/रासस

आँपको राजधानी मानिने सिराहाको लहानमा आँप बिक्री वितरण गर्ने व्यवस्थित ठाउँ नहुँदा व्यापारी र उपभोक्ताहरू सडकमैं किनबेच गर्न बाध्य छन्। असार र साउन आँपको सिजन भएकाले यतिबेला लहानको मुख्य बजार अन्तर्गत पर्ने पूर्व–पश्चिम राजमार्गको सडक किनारमा आँप खरीद–बिक्री गर्नेको भीड लाग्ने गरेको छ।



सडक किनारमा आँप बिक्री वितरण गर्दा सवारी आगमनमा असर परेको छ। दुर्घटनाको जोखिम उत्तिकै बढेको स्थानीयवासी बताउँछन्। “दिनानुदिन आँप व्यापारीहरूले सडक क्षेत्र मिचेका छन्। यसले गर्दा सवारी आगमनमा समस्या भई दुर्घटनाको जोखिम बढिरहेको छ,” जिल्ला ट्राफिक प्रहरी कार्यालयका प्रमुख डम्बरबहादुर पुरीले भने, “व्यापारीलाई हामीले कारबाई गर्न मिल्दैन। स्थानीय बजार व्यवस्थापनको जिम्मेवारी पालिकाको भएकोले लहान नगरपालिकासँग समन्वय गरी सवारी आगमन सहज बनाउन पहल गरिरहेका छौं।”

स्थानीय व्यापारीहरू भने आँप खरीद–बिक्रीका लागि व्यवस्थित ठाउँ नतोकिँदा सडकपेटीमैं बसेर बिक्री गर्न बाध्य भएको बताउँछन्। “आँप बिक्री गर्ने उपयुक्त ठाउँ तोकिएको भए त्यहीं राखेर बिक्री गर्नुहुन्थ्यो। सडकपेटीमा बसेर आँप बेच्न नगरपालिकालाई कर तिरिरहेका छौं,” स्थानीय व्यापारी रविन महतोले भने। उनले नगरपालिकाले व्यवस्थित ठाउँ बनाइदिए सहज हुनेसमेत बताए।

स्थानीय उत्पादनलाई प्रवर्द्धन र किसानलाई प्रोत्साहन गर्न लहानमा उत्पादित आँपको ‘ब्रान्डिङ’ शुरू गरिएको छ। आँपको सङ्कलन, ‘ग्रेडिङ’, ‘प्याकेजिङ’, ‘ब्रान्डिङ’ तथा बजारीकरण गरी लहानको आँपलाई नेपाली बजारमा पहिचान दिलाउने र उपभोक्ताले विषादीरहित शुद्ध आँप उपभोग गर्ने वातावरण मिलाइरहेको नगरपालिकाले जनाएको छ, तर स्थानीय बजार व्यवस्थापन गर्न नसक्दा व्यापारी, उपभोक्ता तथा यात्रीले समस्या खेप्नुपरेको नगरपालिकाका कृषि शाखा प्रमुख प्रकाश साह हलुवाईले बताए।

“नजीकै खाली जग्गा नहुँदा समस्या भएको छ,” प्रमुख हलुवाईले भने, “व्यवस्थित बजार बनाउन सम्भव भइरहेको छैन। हामी यसलाई कसरी व्यवस्थित गर्न सकिन्छ भनेर उपाय खोजिरहेका छौं। अहिले आँप खरीद–बिक्री भइरहेको ठाउँलाई पनि सडक क्षेत्रमा असर नपुग्ने गरी कम्तीमा १० फिट पछाडि सार्न सकिन्छ। त्यसका लागि पहल गरिरहेका छौं।”

लहान बजारको उत्तरतर्फ खुट्टीखोला किनारमा नगरपालिकाले लामो समयदेखि हाटबजार सञ्चालन गर्दै आएको छ। प्रत्येक साताको सोमवार र शुक्रवार दुई दिन हाटबजार लाग्ने सो स्थान बढ्दो जनघनत्वसँगै साँघुरो भएको छ। त्यसैले पूर्व–पश्चिम राजमार्गमा तरकारी तथा आँप व्यापारीले सडक ढाक्ने गरेको स्थानीयवासी सन्तोष गुप्ताको भनाइ छ।

नगरप्रमुख महेशप्रसाद चौधरीले पकेट क्षेत्रका रूपमा उत्पादन हुने लहानको आँप बजारलाई व्यवस्थापन गर्नुको विकल्प नरहेको बताए। “हामीसँग राजमार्ग क्षेत्रमा सार्वजनिक जग्गा अभाव छ। निम्न वर्गका सर्वसाधारणले सडक क्षेत्रमैं साना व्यवसाय गरेर आयआर्जन गर्ने गरेकोले व्यवस्थापनमा चुनौती देखिएको छ,” नगरप्रमुख चौधरीले भने, “तसर्थ चाँडै सडक क्षेत्र मिचिएर राखिएका आँपको व्यवस्थापनका लागि ठोस नीति बनाएर उचित विकल्प दिने गरी अघि बढ्छौं।”

# पार्टीमा वैचारिक मतभेद छैन –अध्यक्ष नेपाल

काठमाडौं, ३ असार/रासस

नेपाल कम्युनिस्ट पार्टी (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले पार्टीको आसन्न राष्ट्रिय महाधिवेशनबाट मुलुकमा वैज्ञानिक विशेषताको समाजवादको धारणालाई व्यवस्थित गरिने बताएका छन्।

अखिल नेपाल महिला सङ्घ (समाजवादी)ले सोमवार आयोजना गरेको कार्यक्रममा उनले महाधिवेशनबाट पारित गरिने दस्तावेजले नेपाली विशेषताको समाजवादलाई कार्यान्वयन गर्न सहयोग गर्ने विश्वास व्यक्त गरे। अध्यक्ष नेपालले पार्टीका सम्पूर्ण नेता र कार्यकर्ताको सामूहिक छलफलबाट दस्तावेज निर्माण गरिएकाले पार्टीभित्र वैचारिक मतभेद नरहेको प्रस्ट पारे।

पूर्वप्रधानमन्त्रीसमेत रहेका अध्यक्ष नेपालले कम्युनिस्ट आन्दोलनको रक्षाका लागि समाजवादी मोर्चा हुँदै वैचारिक दृष्टिकोण र विचार मिल्ने समूह तथा राजनीतिक शक्तिलाई एकताबद्ध गर्नुपर्ने भन्दै त्यसले समाजवादको लक्ष्य प्राप्त गर्न सघाउ पुग्ने धारणा राखे। उनले आफ्नो पार्टीले समाजवादको यात्रामा अघि बढ्छौं भनेर पहिलो दिनदेखि नै पाइला सारेको बताए।

पार्टीका नेता झलनाथ खनालले सहमतिका साथ नेतृत्व निर्माणका लागि पार्टीको दस्तावेज तयार गरिएको र अझै परिस्कृत गरेर पारित गरिने बताए। पूर्वप्रधानमन्त्री रहेका नेता खनालले एउटा वैचारिक राजनीतिक कार्यदिशाका साथै नीति, सिद्धान्त र लक्ष्यका आधारमा एकता र सहमति खोज्नुपर्ने उल्लेख गरे।

**कृषि विश्वविद्यालय ...**

भएका नौजनामध्ये आठजना कृषि र एकजना विद्यार्थी वन विज्ञानका हुन्।

विश्वविद्यालयको यो चौथो दीक्षान्त समारोह हो। विसं २०६७ असार ३ गते विश्वविद्यालय स्थापना भएको हो। रेग्मीले स्थापना दिवसका दिन दीक्षान्त समारोह शुरू गरेसँगै अब नियमित दीक्षान्त समारोह हुने विश्वास व्यक्त गरे। सो अवसरमा साहित्यिक कार्यक्रम, रक्तदान, वृक्षारोपण पनि गरिएको थियो। विश्वविद्यालयमा यही असार ४ र ५ गते अन्तर्राष्ट्रिय सम्मेलन पनि आयोजना हुँदैछ।



**योग शिविर:** १०औं अन्तर्राष्ट्रिय योग दिवसको अवसरमा भारतीय महावाणिज्य दूतावास वीरगंजको आयोजनामा चितवनको नारायणी नदी किनारमा सोमवार आयोजित योग शिविरमा सहभागीहरू योगाभ्यास गर्दै। तस्विर: सनद अधिकारी/रासस

# मनसुन सक्रिय नहुँदा अत्यधिक गर्मीको सम्भावना

काठमाडौं, ३ असार/रासस

यही असार ६ गतेसम्म देशका मध्य तथा पश्चिमी तराईका भूभागमा मनसुन सक्रिय नहुँदा अत्यधिक गर्मीको सम्भावना देखिएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ।

विभागले जारी गरेको बुलेटिन अनुसार तातो हावा तथा तातो लहरको सम्भावना रहेकोले यसको असरबाट बच्न आवश्यक तयारी गर्न जरुरी छ।

मौसम पूर्वानुमान महाशाखाका मौसमविद् सरोज पुडासैनीले मनसुन सक्रिय नहुँदा सुदूरपश्चिम र लुम्बिनी प्रदेशका तराई भूभागका केही स्थानमा अत्यधिक गर्मीको सम्भावना रहेको जानकारी दिए।

“मुलुकको पूर्वी क्षेत्रमा मनसुन सक्रिय भइसकेको छ, पूर्वबाट पश्चिम बढ्ने हावा सक्रिय नहुँदा पश्चिमी क्षेत्रमा असार ६ गतेसम्म तातो हावाको लहर चल्नेछ”– उनले भने–“महाशाखाले मौसमसम्बन्धी तीन दिनसम्मको मात्रै पूर्वानुमान गर्ने भएकोले आगामी तीन दिनसम्म पश्चिम क्षेत्रमा मौसम सक्रिय हुँदैन, त्यसपछि पनि के हुन्छ आजै भन्न सकिँदैन।”

तातो हावा तथा तातो लहरबाट हुने सम्भावित असर थकाइ लाग्ने, कमजोरी हुने, बढी तिर्खा लाग्ने, टाउको दुख्ने, खुट्टा बाउँडिने, चक्कर आउने, बेहोश हुने, मांसपेशी दुख्ने, बान्तालगायत भएकाले सोबाट बच्नुपर्ने मौसमविद् पुडासैनीले बताए।


“तातो हावा र तातो लहरबाट जोगिन घरभित्र वा चीसो स्थानमा बस्ने, बाहिरी वातावरणमा बढी नजाने, हल्का सुती कपडा लगाउने, बाहिर निस्कँदा टाउको छोप्ने, टोपी लगाउने, नियमित पानी तथा झोल पदार्थ (जुस, शर्बत) प्रशस्त मात्रामा पिउने र स्वास्थ्यमा समस्या भएमा स्वास्थ्यकर्मीसँग नियमित सम्पर्कमा रही थप सल्लाह सुझाव लिने गर्नुपर्छ”–उनले भने।

# माल्दिभ्स, श्रीलङ्का र नेपालको देशीय निर्देशकमा सिस्लेन

काठमाडौं, ३ असार/रासस

विश्व बैंकले माल्दिभ्स, नेपाल र श्रीलङ्काको देशीय निर्देशकमा डेभिड सिस्लेनलाई नियुक्त गरेको छ। डेभिडले काठमाडौंस्थित विश्व बैंकको उपक्षेत्रीय कार्यालयमार्फत माल्दिभ्स र श्रीलङ्काको देशीय निर्देशकको समेत जिम्मेवारी निर्वाह गर्नेछन्।

निवर्तमान निर्देशक फारिस हदाद जर्बोसको कार्यकाल सकिएसँगै विश्व बैंकले डेभिडलाई नयाँ निर्देशकका रूपमा नेपाल पठाएको हो। अर्थ मन्त्रालयले आइतवार एक औपचारिक कार्यक्रम गरी फारिसको बिदाइ र डेभिडको स्वागत गरेको अर्थ मन्त्रालयले जनाएको छ।




अर्थमन्त्री पुनले आइतवार साँझ आयोजित एक कार्यक्रममा एकैसाथ उनीहरूको स्वागत र बिदाइ गरे। देशीय निर्देशकसँगै विश्व बैंकले नेपालका लागि राष्ट्रिय प्रबन्धक पनि परिवर्तन गरेको छ।

लाडा स्ट्रेलकोवा आफ्नो कार्यकाल सम्पन्न गरी फर्केका छन् भने उनको ठाउँमा प्रीति अरोडा आएकी छन्। स्वागत तथा कार्यक्रममा अर्थमन्त्री पुनले नयाँ निर्देशक डेभिडको कार्यकाल सुखद रहने विश्वास व्यक्त गरे। साथै निवर्तमान देशीय निर्देशक फारिसको कार्यकालमा शुरू भएका प्रयासहरूको निरन्तरता र थप सहकार्यका लागि डेभिडको कार्यकाल सफल हुने उनले विश्वास व्यक्त गरे।

नेपालमा मङ्गलवारदेखि शुरू हुने विश्व बैंक समूह अन्तर्गतको अन्तर्राष्ट्रिय विकास संस्थाको बैठक (आइडा–२१) को पूर्वसन्ध्यामा डेभिडलाई स्वागत गर्न पाउँदा खुशी लागेको अर्थमन्त्री पुनले बताए। निवर्तमान देशीय निर्देशक फारिसको कार्यकालमा नेपाल र विश्व बैंकबीचको सम्बन्ध थप उचाइमा पुगेको तथा फारिसले विकास साझेदार संस्थाको प्रतिनिधिका रूपमा मात्र नभई नेपालको मित्रका रूपमा भूमिका खेलेको उनले उल्लेख गरे।

नेपालमा विश्व बैंकको ‘पोर्टफोलियो’ विस्तार, वित्तीय, ऊर्जा र जलवायु क्षेत्रमा महत्त्वपूर्ण काम भएको अर्थमन्त्री पुनले स्मरण गरे। विश्व बैंकले हाल नेपालमा २० सञ्चालनमा रहेका र तीन पाइपलाइनका गरी २३ परियोजनामा लगानी गरेको छ।

अमेरिकी नागरिक फारिस विसं २०७३ असारमा विश्व बैंकको नेपाल निर्देशकका रूपमा आएका थिए। त्यस अघि फारिस नेपालका लागि विश्व बैंकका राष्ट्रिय प्रबन्धक थिए।

नवनियुक्त देशीय निर्देशक डेभिड अमेरिकी नागरिक हुन्। उनी यस अघि ल्याटिन अमेरिका र क्यारिबियन मुलुकहरूका लागि विश्व बैंकका तर्फबाट शहरी व्यवस्थापन र विपद् जोखिम न्यूनीकरणसम्बन्धी व्यवस्थापकका रूपमा कार्यरत थिए।

उनीसँग विश्व बैंकमा रहेर युरोप, ल्याटिन अमेरिका, अफ्रिका, पूर्वी एशिया र एशिया प्रशान्त क्षेत्रमा पूर्वाधार, शहरी विकास तथा प्रकोप जोखिम व्यवस्थापनसम्बन्धी प्रबन्धक भएर काम गरेको अनुभव छ। नवनियुक्त देशीय निर्देशक डेभिडले अमेरिकाको जोन्स हप्किन्स विश्वविद्यालय र म्याकलेस्टर कलेजबाट अर्थशास्त्र र भूगोलमा स्नातकोत्तर गरेका छन्।

स्वागत तथा बिदाइ कार्यक्रममा मुख्यसचिव डा वैकुण्ठ अर्याल, अर्थ मन्त्रालयका सचिव मधुकुमार मरासिनी, अर्थ मन्त्रालयको वैदेशिक सहायता समन्वय महाशाखा प्रमुख सहसचिव श्रीकृष्ण नेपाल र विश्व बैंकका दक्षिण एशिया हेर्ने उपाध्यक्ष मार्टिन रेजर सहभागी थिए।

# टयाङ्कर चालक सङ्घको हडताल फिर्ता

काठमाडौं, ३ असार/रासस

सरकारसँग चार बुँदे सहमतिपछि आन्दोलनरत नेपाल पेट्रोलियम टयाङ्कर चालक सङ्घको आन्दोलन फिर्ता भएको छ।

सोमवार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा दुई पक्षबीच भएको वार्तामा चार बुँदे सहमति भएको छ। बजारमा आजैदेखि इन्धनको सहज आपूर्ति हुने नेपाल आयल निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए।

आयल निगमका सञ्चालक समिति अध्यक्ष तथा वाणिज्य सचिव दिनेशकुमार घिमिरेको रोहबरमा भएको वार्तामा सहमति जुटेको हो। सहमतिपत्रमा निगमका कार्यकारी निर्देशक डा चण्डिकाप्रसाद भट्ट र सङ्घका अध्यक्ष ईश्वर लामाले हस्ताक्षर गरे।

नेपाल पेट्रोलियम टयाङ्कर चालक सङ्घको सात बुँदे मागलगायत यस क्षेत्रमा देखा परेका समस्याको समाधान गर्नेगरी १५ दिनभित्र प्रतिवेदन पेश गर्न निगमका नायब कार्यकारी निर्देशकको संयोजकत्वमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका प्रतिनिधि तथा नेपाल पेट्रोलियम टयाङ्कर चालक सङ्घ, नेपाल यातायात स्वतन्त्र मजदूर सङ्गठन र अखिल नेपाल पेट्रोलियम तथा ग्याँस श्रमिक सङ्घको प्रतिनिधित्व हुनेगरी एक उपसमिति गठन गर्ने सहमति भएको छ।



काठमाडौं उपत्यकामा पेट्रोलियम पदार्थको अभावका कारण सोमवार भद्रकालीस्थित सैनिक कल्याणकारी कोषद्वारा सञ्चालित रिपुमर्दिनी पेट्रोलपम्पमा सवारी चालकको लामो लाइन। तस्वीर: रासस

नेपाल आयल निगमले व्यवसायीहरूलाई दिँदै आएको पारिश्रमिक र सुविधा टयाङ्कर चालक/सहचालक तथा यस क्षेत्रमा कार्यरत श्रमिकलाई उपलब्ध गराउने प्रतिबद्धता व्यवसायीले गर्नेगरी सहमति भएको छ।

हालसालै आन्दोलनका सबै कार्यक्रम फिर्ता लिने र उपभोक्ताको हितलाई ध्यानमा राखी पेट्रोलियम पदार्थको सहज ढुवानी गर्ने सहमति भएको छ। विद्यमान कानूनी व्यवस्थाहरूको पालना सम्बन्धमा नियमित अनुगमन गर्ने विषयमा पनि दुई पक्ष सहमत भएका छन्।

नेपाल पेट्रोलियम टयाङ्कर चालक सङ्घले विभिन्न सात बुँदे माग राख्दै अत्यावश्यक पेट्रोलियम पदार्थको ढुवानीमा हडताल गरेपछि आइतवारदेखि उपत्यकाका पेट्रोलपम्पहरूमा डिजेल तथा पेट्रोल अभाव देखिएको थियो। इन्धनको सहज आपूर्ति रोकिएसँगै पेट्रोलपम्पहरूमा सवारीसाधनको लाइन लागेको थियो।

आवश्यक सेवा सञ्चालन ऐन २०१४ तथा आवश्यक पदार्थ नियन्त्रण (अधिकार) ऐन २०१७ ले पेट्रोलियम पदार्थलाई अत्यावश्यक सेवाभित्र राखेको छ भने यी सेवामा बन्द तथा हडताल गर्न वर्जित छ, तर चालकहरू विद्यमान कानूनी व्यवस्थाको उल्लङ्घन गर्दै आन्दोलनमा उत्रिएका थिए।

# दोष शिक्षकको होइन, शिक्षा नीतिको हो

मन्तव्य

**सन्तोष श्रेष्ठ**

सङ्घीय, प्रदेश, स्थानीय, निजामती कर्मचारी, व्यवस्थापन समिति, विद्यालय प्रशासन अनि समुदायद्वारा शासित हुने नेपालको एकमात्र पेशा हो, शिक्षण । बाटोमा हिंड्दा होस्, चियापसल होस् वा चौतारीमा बस्दा होस्, जहाँ कहीं जो कोहीले पनि शिक्षकलाई सुझावको नाममा निर्देशनात्मक आदेशहरू दिने सामान्य कुरा हो । कसैकसैले त विद्यालयमा नै आएर सुझावको नाममा आदेश दिने अनि कतिले त सरुवा गराइदिने भनेर थर्काउनसमेत भ्याउँछन्। बिचरा शिक्षकले "हस्, हजूर" भन्नुबाहेक अरू के नै गर्न सक्छ र ?

हाम्रा कलिला बालबालिकालाई चेतनाको ज्योति छर्ने महान् शिक्षकहरूको शिर निहुरिने गरी समाजले उपेक्षा, घृणा, अवहेलना गरेर हामीले गुणस्तरीय शिक्षाको कल्पना गर्नु व्यर्थ छ। शिक्षकको रचनात्मक सोच र चिन्तनमाथि समाजले दिन प्रतिदिन वितृष्णा, निराशा, उपहासको तुषारो खन्याइरहेको यही हो यथार्थ। शिक्षकलाई अत्यन्त आदरभावका साथ गुरुपूर्णिमा मनाउने हाम्रै समाजको परम्परा आज कता जाँदैछ ? सवाल यहींनिर गम्भीर छ ।

नेपालमा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर घटेको हो भन्नेमा कुनै द्विविधा छैन । तर समुदायले बुझ्नुपर्ने कुरा के हो भने विद्यालयको शैक्षिक कार्यक्रममा शिक्षक आफैं सबैथोक भने होइन । शिक्षक भनेको देशको नीति निर्देशन पालना गरी काम गर्ने एउटा जनशक्ति मात्र हो। शैक्षिक कार्यक्रमलाई प्रभावकारी बनाउन शिक्षामा दुईवटा नीतिले अत्यन्त महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ। एउटा शिक्षाको नीति अर्को शिक्षा कार्यान्वयन गर्ने नीति । शिक्षा नीति बनाउने र कार्यान्वयन गर्ने सर्वोच्च निकाय भनेको सङ्घ, प्रदेश र स्थानीय सरकार हुन्। आफूलाई विज्ञ र विद्वान् (सरकारी अधिकारी र जनप्रतिनिधि) ठान्नेहरू पाँच तारे होटेलको एसीमा बसेर देशको शिक्षा नीति निर्माण गर्छन्। सरोकारवालासँग कुनै मतलब राख्दैनन् । अवलोकन र अध्ययनको नाममा दातृ राष्ट्रबाट प्राप्त लाखौं डलर विदेश भ्रमण गरेर झ्वाम पार्छन्।

> **विद्यालयमा शिक्षकले मात्र राजनीति गरेको देख्ने शिक्षामन्त्री श्रेष्ठसँग केन्द्रीय दूरबिन रहेको मान्नैपर्छ। त्यो दूरबिनले विद्यालयमा सत्ताधारी दलले त्यत्रो ताण्डव नृत्य गरेको चाहिं नदेख्ने ?**

लाखौं डलर सिध्याएर बनाएको समग्र शिक्षा नीति असफल भएपछि बिचरा त्यो कक्षाकोठामा दिनरात पसिना बगाएर मेहनत गर्ने निर्दोष शिक्षकहरूलाई दोष दिन मिल्छ ? यो त 'जो होचो त्यसैको मुखमा घोचो' भनेजस्तो भएन र ? शिक्षण एउटा प्राज्ञिक पेशा भएकोले मर्यादाच्युत भएर शिक्षकले कुनै पनि तुच्छ प्रतिक्रिया दिन चाहँदैन । तर त्यसलाई कमजोरी ठान्नु पनि हुँदैन । फेरि पनि मेरो आशय सबै शिक्षक शतप्रतिशत राम्रा मात्र हुन्छन् भन्ने पनि होइन । हरेकमा राम्रो-नराम्रो देखिनु-हुनु स्वाभाविक हो। तर त्यसैलाई पनि नीतिले नै बाँधेर दण्ड र पुरस्कारको व्यवस्था गरिनुपर्छ भन्ने हो।

संसारमा सफलता-असफलताको श्रेय नेतृत्व र नीतिले लिने सर्वव्यापी मान्यतालाई तोड्दै कामदार शिक्षकलाई दोषको भारी थुपार्ने नेपालमा अचम्मको प्रपञ्च भइरहेको छ । शिक्षा नीति असफल भएपछि देशका विज्ञ भनाउँदाहरू असफल भएको सन्देश नजाओस् भन्नका लागि नेपथ्यबाट शुरू भएको अभियान हो यो । साराका सारा दोषको भारी शिक्षकलाई बोकाइदिएर विज्ञ र विद्वान् वर्ग भन्नेहरूलाई पानीमाथिको ओभानो बनाउने खेलमा हाम्रो समाज पनि जानी नजानी लागिरहेकै छ। नीति र नेतृत्व सही भयो भने हिजो नेपालमा दिनमा १८ घण्टा लोडसेडिङ गर्ने नेपाल विद्युत् प्राधिकरणले कुलमान घिसिङको नेतृत्व पाएपछि लोडसेडिङमुक्त भएको उदाहरण हाम्रै नेपाल होइन र ? लालु यादवले बिहारलाई कस्तो कचरा बनाएका थिए ? जब नीतीश कुमारको नेतृत्व आयो आज बिहारको विकास भारतका विकसित राज्यसँग प्रतिस्पर्धा गरिरहेको सबैले देखेकै हुनुपर्छ । त्यसैले परिवर्तनको जवाफदेही र जिम्मेवारी काम गर्ने कामदार र जनशक्ति होइन। नीति र नेतृत्वको हो भन्ने यी दुई उदाहरणबाट प्रस्ट हुनुपर्छ।

शिक्षकको कर्मथलो विद्यालयलाई सत्ताधारी दलले राजनीतिको अखडा बनाइरहेको जगजाहेर छ। विद्यालयमा शिक्षक नियुक्ति, समिति गठन, भौतिक संरचना वितरण, शिक्षक सरुवा, प्रअ नियुक्ति, विद्यालय कर्मचारी नियुक्ति, शिक्षकले पाउने अवसर अनि विद्यालयका अन्य अनुदानहरूमा ठाडो राजनीतिक हस्तक्षेप भइरहेको घाम जत्तिकै छर्लङ्ग छ, लाग्छ सत्ताधारी राजनीतिक दलले विद्यालयमा राजनीतिक हस्तक्षेप गर्न पाउनु संवैधानिक नैसर्गिक अधिकार नै हो । शिक्षकले राजनीति गरेको भनेर सारा एकजुट हुनेहरू आज विद्यालयमा ठाडो राजनीतिक हस्तक्षेप हुँदा कुन दुलोमा लुकेर बसिरहेका छन् ?

नेपालको विद्यालयमा राजनीतिक हस्तक्षेपको कारण शिक्षा अस्तव्यस्त भएको शिक्षामन्त्री सुमना श्रेष्ठको पनि निष्कर्ष हो। तर विद्यालयमा शिक्षकले मात्र राजनीति गरेको देख्ने शिक्षामन्त्री श्रेष्ठसँग केन्द्रीय दूरबिन रहेको मान्नैपर्छ। त्यो दूरबिनले विद्यालयमा सत्ताधारी दलले त्यत्रो ताण्डव नृत्य गरेको चाहिं नदेख्ने ? यसैबाट पनि राज्यको शिक्षा र शिक्षकप्रति कस्तो दृष्टिकोण छ भन्ने प्रस्ट हुन्छ। अपवादबाहेक वास्तवमा शिक्षकले विद्यालयमा राजनीति गरेकै छैन । शिक्षक प्राज्ञिक पेशेवर भएकोले विश्वका विद्वान् र दार्शनिक चिन्तकहरूका दर्शन, सिद्वान्त, वाद, विचार, चिन्तन अध्ययन गर्ने क्रममा उनीहरूबाट अवश्य प्रभावित हुन सक्छ, आकर्षित हुन सक्छ। तर दर्शनबाट आकर्षित हुनु, प्रभावित हुनुलाई राजनीति गरेको भनिंदैन, त्यसलाई आस्था भनिन्छ। राजनीति गर्नु र आस्था मात्र राख्नु भनेको फरक कुरा हुन् ।

लोकतन्त्रमा आस्था राख्न पाउने संविधानले प्रदान गरेको मौलिक अधिकारलाई मन्त्री श्रेष्ठको परमादेशले त के कुनै शक्तिले छेक्न सक्दैन। सस्तो लोकप्रियताको लागि ल्याइएको आदेशको चिठी सामाजिक सञ्जालमा शेयर गरेर भाइरल त पारियो। अनि शिक्षकहरूमा मनोवैज्ञानिक त्रास पनि उत्पन्न भयो । तर शैक्षिक सुधारको नाममा वरको सिन्को पर सार्न सकेन। शिक्षामा सुधार ल्याउने हो भने शिक्षकलाई तर्साएर होइन, आतङ्कित बनाएर होइन, शिक्षकको मनोबल बढाएर मात्र गर्न सकिन्छ ।

# मनाइयो पहिलो दिनको बकर इद

काठमाडौं, ३ असार/रासस

मुस्लिम धर्मावलम्बीको दोस्रो महान् पर्व बकर इद (इदुल जोहा) सोमवार देशभरका मस्जिदमा नमाज पाठ गरी हर्षोल्लासपूर्वक मनाइएको छ ।

इदुल फित्र अर्थात् रमजान पर्वको ७०औं दिनमा बकर इद मनाउने धार्मिक विधि छ । मुस्लिम धर्मावलम्बीले आज बिहानै स्नान गरी नजीकैको मस्जिद वा इदगाहमा गई सामूहिक नमाज पढेका छन् । नमाज पढिसकेपछि एकापसमा शुभकामना आदानप्रदान गर्ने विधि छ ।

यस अवसरमा दरबारमार्गस्थित नेपाली जामे मस्जिद, काश्मीरी मस्जिदलगायत देशभरका मस्जिद र इदगाहमा मुस्लिम धर्मावलम्बीको भीड लागेको थियो । हिजरी संवत् अनुसार १४३९ वर्ष पहिले अल्लाहको आदेशमा इब्राहिमले आफ्ना छोरा इस्माइल अलेह सलामलाई बलिदान गर्न तयार भएको सम्झनामा यो पर्व मनाउन थालिएको हो।

अल्लाहको आदेश इब्राहिमलाई 'तेरो नजीकको प्यारो चीज कुर्बान (बलिदान) दे' भन्ने थियो। त्यस अनुसार इस्माइल अलेह सलामलाई बलिदान दिन तयार हुँदा अल्लाह आफैं आएर परीक्षामा उत्तीर्ण भइस् यो भेडालाई बलिदान गर भनी आदेश दिएको हो भन्ने मुस्लिम धर्मावलम्बीको विश्वास छ । यही घटनाका आधारमा यो पर्व मनाउन शुरू भएको ऐतिहासिक पृष्ठभूमि छ ।

मुस्लिम धर्मगुरु (मौलाना) रहमत अली ऐतिहासिक बकर इद पर्वको आधार बनेका इब्राहिमको वंशमा सन् ५७१ मा मक्कामा मोहम्मद सलल्ला जन्मिई निरन्तरता दिएको बताउँछन् । त्यसले यो पर्व एवं धर्मलाई पुस्तान्तर गर्न महत्त्वपूर्ण योगदान गर्दै हदिस नामक धर्मग्रन्थको रचना गरेका थिए ।

"जुन ग्रन्थलाई अहिले मुस्लिम धार्मिक विद्यालय मदरसामा समेत अध्ययन अध्यापन गराइन्छ, मक्कामा जन्मिनुभएको सलल्ला ५३ वर्षको उमेरपछि मदिनामा सर्नुभएको थियो, यही सम्झनामा अहिले पनि साउदी अरबमा पर्ने यी दुवै तीर्थस्थलमा ठूलो मेला लाग्ने गरेको छ," उनले भने ।



तनहुँको व्यास नगरपालिका-४ स्थित नुरी हन्फी जामे मस्जिदमा सामूहिक नमाज पढ्दै मुस्लिम समुदाय । तस्बिरः कृष्ण न्यौपाने/रासस

यस पर्वका अवसरमा मक्का मदिना जानु शुभ मानिन्छ । गृह मन्त्रालयले आतेजाते विमान टिकटको व्यवस्था गरी हज यात्रा गराउने गरेको छ। यस पर्वमा

(बाँकी पाँचौं पातामा)




**ओभरब्रिजः** पूर्व-पश्चिम रेलमार्गका लागि महोत्तरी जिल्लाको बर्दिबास भित्री शहरको सडकमाथि बनाइएको 'ओभरब्रिज' । यस पुलको मुनिबाट अन्य सवारीसधान तथा यात्रीहरू ओहोरदोहोर गर्छन् भने माथिबाट रेल चल्छ । तस्बिरः सञ्जीतकमार मण्डल/रासस

## फरक समाचार

### फ्ल्यास इटिङ ब्याक्टेरिया: ४८ घण्टाभित्रै मृत्यु

जापानमा दुर्लभ फ्ल्यास इटिङ ब्याक्टेरियाको प्रकोप तीव्र गतिमा फैलिरहेको छ, जसबाट सो देशमा त्रासको वातावरण सिर्जना भएको छ। यस ब्याक्टेरियाले



स्ट्रेप्टोकोकल टक्सिक शक सिन्ड्रोम (एसटिएसएस) निम्त्याउँछ, जसको कारण छोटो समयमा बिरामीको अवस्था घातक हुन सक्छ ।

विज्ञहरूका अनुसार यो रोग लागेको ४८ घण्टाभित्र बिरामीको मृत्यु हुन सक्छ । जून २०२४ सम्म जापानमा एसटिएसएसको ९७७ वटा घटना रिपोर्ट भइसकेका छन्, जुन गत वर्ष रिपोर्ट गरिएका ९४१ भन्दा बढी हो। यसले चिन्ता बढाएको छ किनभने जापानको राष्ट्रिय सङ्क्रामक रोग संस्थानका अनुसार यदि यस गतिमा मामिलाहरू बढिरह्यो भने यो वर्ष देशमा अढाई हजार एसटिएसएसका मामिला आउन सक्छन् भने रोगका कारण मृत्युदर ३० प्रतिशत पुग्ने खतरा छ।

कोभिड-१९ महामारीको समयमा लगाइएका प्रतिबन्धहरू खुकुलो पारेपछि जापानमा एसटिएसएसका मामिलाहरू बढ्दै गएका केही विज्ञहरू विश्वास गर्छन्। तर यसको ठोस प्रमाण अहिलेसम्म फेला परेको छैन ।

**लक्षणहरू** : एसटिएसएसका प्रारम्भिक लक्षण ज्वरो, मांसपेशी दुःखाइ, घाँटी दुःखाइसहित फ्लूजस्तै हुन सक्छ । तर यसपछि लक्षणहरू तीव्ररूपमा गम्भीर हुन सक्छन्, जसमा उच्च ज्वरो, रक्तचाप कम हुनु, छाला रातो हुनु र तन्तुहरू मृत देखिन्छन् ।

**कसरी जोगिने ?** अहिले यस ब्याक्टेरियाबारे धेरै जानकारी छैन । तर यसबाट बच्न नियमित हात धुनुपर्छ र कुनै पनि घाउ सफा राख्नुपर्छ। यसबाहेक सङ्क्रमणको लक्षण देखिएमा तुरुन्त चिकित्सकलाई सम्पर्क गर्नुपर्छ।

### न्युक्लियर फेमिलीमा बच्चा हुर्काउन सजिलो छैन

बालबालिकाको विकासमा परिवारको महत्त्वपूर्ण भूमिका हुन्छ। बालबालिकाको पालनपोषणलाई वृद्धवृद्धाले सधैं महत्त्व दिएका हुन्छन् । तर आजको समयमा न्युक्लियर फेमिली (एकल परिवार)को अवधारणा धेरै बढेको छ। जहाँ दम्पतीहरू



आफ्नो परिवारबाट टाढा बस्छन् र आफ्नै परिवार शुरू गर्छन् ।

यसरी जीवन बिताउँदा पति-पत्नीले एकअर्कासँग समय बिताउन पर्याप्त समय पाउँछन् भन्ने कुरामा कुनै शङ्का छैन। तर बच्चा हुर्काउनको लागि एकल परिवार आदर्श मानिंदैन । किन यस्तो हुन्छ ? रिलेशन कोच र प्रिडिक्शन फर सक्सेसका फाउन्डर विशाल भारद्वाज भन्छन्-

**सामाजिक विकासमा कमी :** एकल परिवारमा बच्चाहरूलाई भाइबहिनी वा अन्य बच्चाहरूसँग नजीकको सम्बन्ध बनाउने कम अवसर हुन्छ। यसले उनीहरूको सामाजिक विकासमा बाधा पुग्न सक्छ। उनीहरूलाई सामाजिक सीपहरू विकास गर्न, साथी बनाउन र द्वन्द्व समाधान गर्न कठिनाइ हुन सक्छ ।

**एक्लोपन र तनाव :** एकल परिवारमा बच्चाहरूले एक्लोपन र तनाव अनुभव गर्न सक्छन्। यस्तो यस कारण हुन्छ किनभने सानो एकल परिवारमा बच्चाहरूको हेरचाह गर्न र उनीहरूसँग खेल्ने धेरै मानिस हुँदैनन्। यसले तनावपूर्ण परिस्थितिसँग सामना गर्ने र आत्मसम्मान विकास गर्ने क्षमतालाई असर गर्न सक्छ ।

**गलत व्यवहार :** जब आमाबुबा काममा व्यस्त हुन्छन् र बच्चाहरूलाई पर्याप्त ध्यान दिन सक्दैनन्, उनीहरूले गलत निर्णय लिन सक्छन् वा अनुपयुक्त व्यवहारमा संलग्न हुन सक्छन् । तिनीहरू गलत ठाउँहरूमा जान शुरू गर्न सक्छन्, गलत साथीहरूसँग घुम्ने, रमाइलो गर्ने, जोखिमपूर्ण गतिविधिहरूमा संलग्न हुन सक्छन्।

**यसरी समस्या समाधान गर्नुहोस् :** यी चुनौतीहरू सामना गर्न आमाबुबाले आफ्ना बच्चासँग गुणस्तरीय समय बिताउनुपर्छ । उनीहरूलाई समर्थन गर्न र उनीहरूलाई स्वतन्त्रता र जिम्मेवारी विकास गर्न मदत गर्नुपर्छ। बालबालिकालाई सामाजिक अवसर एवं अन्य बालबालिकासँग अन्तर्क्रिया गर्ने पर्याप्त अवसर प्रदान गर्नुपर्छ ।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## अस्ट्रेलियासँग सम्बन्ध 'सही मार्गमा' फर्केको चीनको भनाइ

क्यानबेरा, अस्ट्रेलिया, ३ असार/एएफपी

अस्ट्रेलियाको मुख्य व्यापारिक साझेदार चीनसँगको आर्थिक विवाद 'सही मार्गमा' फर्केको भन्दै बेइजिङले सोमवार अस्ट्रेलियासँग सम्बन्ध सुधारको पहलको प्रशंसा गरेको छ।



चिनियाँ प्रधानमन्त्री ली किआङ र अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिज वार्ता गर्नु अघि। तस्वीरः एएफपी

अस्ट्रेलियाका प्रधानमन्त्री एन्थोनी अल्बनिजसँग वार्ता गर्नु अघि चिनियाँ प्रधानमन्त्री ली किआङलाई क्यानबेराको संसद् भवनमा भव्य स्वागत गरिएको थियो।

सन् २०१७ पछि भ्रमण गर्ने उच्चपदस्थ चिनियाँ अधिकारीका रूपमा लीले आफ्नो अस्ट्रेलिया भ्रमण सम्बन्ध सुधार र स्थिर विकासको सही बाटोमा रहेको बताए।

उनले अस्ट्रेलियाली नागरिकलाई चीनमा सीमित भिसामुक्त पहुँच प्रदान गर्ने शाखाको पनि प्रस्ताव गरे।

"हामी सधैं सहमत हुन सक्दैनौं, र यदि असहमतिका बिन्दुहरूलाई मौन छोड्छौं भने त्यो समाधानको बाटो हुनेछैन"–अल्बानिजले भने।

'आपसी सम्मान, मतभेद र पारस्परिक फाइदाजनक सहयोग त्यागेर साझा आधार खोज्नु' सम्बन्धका लागि महत्त्वपूर्ण भएको चिनियाँ प्रधानमन्त्री लीले आफ्नो अस्ट्रेलिया भ्रमणको शुरूमा बताएका थिए।

लीको चार दिने भ्रमणले प्रमुख अस्ट्रेलियाली निर्यातको शृङ्खलाविरुद्ध लगाइएका दण्डात्मक उपायहरू हटाउने र यसले चीनको अस्ट्रेलियासँगको व्यापार वृद्धिको सम्भावना बढाउने बेइजिङले विश्वास लिएको छ।

चीन अस्ट्रेलियाको सबैभन्दा ठूलो व्यापारिक साझेदार हो। उसले गत वर्ष प्रमुख वस्तुहरू फलाम, कोइला र खनिज पदार्थसहित आफ्नो निर्यातको लगभग ३० प्रतिशत हिस्सा ओगटेको थियो।

सन् २०२३ मा दुईतर्फी व्यापार ३२७ अर्ब अस्ट्रेलियन डलर (२१६ अर्ब डलर) पुगेको थियो।

सन् २०२० मा अतिराष्ट्रवादी चिनियाँ सरकारसँग कूटनीतिक दरार परेको कारण चिनियाँ प्रतिबन्धका कारण कोइला, काठ, जौ, गाईका मासुका साथै वाइनको निर्यातमा समस्या भएको थियो।

ती प्रतिबन्धहरूले गर्दा अस्ट्रेलियाली निर्यातकर्ताहरूलाई एक वर्षमा २० अर्ब अस्ट्रेलियाली डलर (१३ अर्ब अमेरिकी डलर) घाटा लागेको थियो। रासस

## भारतमा रेल दुर्घटनामा परी पाँचजनाको मृत्यु

नयाँ दिल्ली, ३ असार/एएफपी

भारतको पूर्वी राज्य पश्चिम बङ्गालमा सोमवार मालवाहक रेल र यात्रीवाहक रेल एकापसमा ठोकिंदा कम्तीमा पाँचजनाको मृत्यु हुनुका साथै २५ जनाभन्दा बढी घाइते भएका उत्तरपूर्वी रेलसेवा नर्थइस्ट फ्रन्टियर रेलवे (एनएफआर)का अधिकारीले बताएका छन्।

दार्जिलिङ जिल्लाको फान्सिडेवा क्षेत्रको रङ्गापानी रेलवे स्टेशननजीकै स्थानीय समय अनुसार बिहान करीब नौ बजे मालवाहक रेल 'कञ्चनजङ्घा एक्सप्रेस' यात्रीवाहक रेलसँग ठोकिंदा दुर्घटना भएको प्रहरीले जनाएको छ।

पश्चिम बङ्गालकी मुख्यमन्त्री ममता बनर्जीले सामाजिक सञ्जाल एक्समा दार्जिलिङ जिल्लाको फान्सिडेवा क्षेत्रमा भएको रेल दुर्घटनाबाट स्तब्ध भएको उल्लेख गरेकी छन्।

जिल्ला मजिस्ट्रेट, प्रहरी अधिक्षक, चिकित्सक, एम्बुलेन्स र विपद् टोलीलाई उद्धार र चिकित्सकीय सहायताका लागि घटनास्थलमा खटाइएको छ।

घटनाको अनुसन्धान भइरहेकोले थप विवरण अनुसन्धानपछि आउने प्रहरीले बताएको छ। रासस

## अमेरिकी पत्रकार गेर्शकोभिचविरुद्ध सुनुवाइ शुरू गरिने

मस्को, ३ असार/एएफपी

अमेरिकी पत्रकार इभान गेर्शकोभिचविरुद्ध रूसमा जासुसीको आरोपमा जून २६ देखि सुनुवाइ शुरू हुने युराल्स शहरस्थित येकातेरिनबर्गको एउटा अदालतले सोमवार जानकारी दिएको छ।

'पहिलो सुनुवाइ' सन् २०२४ को जून २६ का लागि तय गरिएको सेभड्लोंभ्स्क क्षेत्रीय अदालतले जारी गरेको विज्ञप्तिमा उल्लेख छ।

'वाल स्ट्रीट जर्नल'का रिपोर्टरलाई मार्च २०२३ मा येकातेरिनबर्गमा रिपोर्टिङका लागि रूसमा रहेको बेला गिरफ्तार गरिएको थियो र त्यसपछि उनलाई मस्कोको लेफोर्टोभो जेलमा राखिएको थियो।

गत साता रूसी महान्यायाधिवक्ताले उनीमाथि सिआइएका लागि काम गरेको र सेभड्लोंभ्स्क क्षेत्रमा टयाङ्क निर्माता युरालभागोन्जाभोडबारे गोप्य सूचना सङ्कलन गरेको आरोप लगाएका थिए।

संयुक्त राज्य अमेरिकाले आरोपहरूको 'शून्य विश्वसनीयता' भएको बताएको छ। वाल स्ट्रीट जर्नलले रूसको घोषणालाई 'अपमानजनक' भन्दै आलोचना गरेको छ।

जर्नलकी मुख्य सम्पादक एम्मा टकर र उच्च अधिकारीहरूले एक विज्ञप्तिमा भनेका छन्–"इभान गेर्शकोभिचले झूटो र आधारहीन आरोपको सामना गर्नुपरेको छ। रूसको पछिल्लो कदम रूस अमेरिकाबीच प्रतिद्वन्द्विताका कारण अपेक्षित भएपनि निकै निराशाजनक र अपमानजनक छ।"

मस्कोले यस अघि गेर्शकोभिचविरुद्ध मुद्दाको कुनै पनि सार्वजनिक विवरण उपलब्ध गराएको थिएन र उनी रङ्गेहात पक्राउ परेको बताएको थियो।

गेर्सकोभिच सोभियतकालपछि रूसमा जासुसी गरेको आरोपमा पक्राउ पर्ने पहिलो पश्चिमा पत्रकार बनेका छन्।

दोषी ठहरिएमा ३२ वर्षीय गेर्सकोभिचलाई २० वर्षको जेलसजाय हुन सक्छ। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
| --- | --- | --- | --- |
| मेष | नारीसुख | वृष | शत्रुपराजय |
| मिथुन | सुसमाचार | कर्कट | उदरपीडा |
| सिंह | राज्यलाभ | कन्या | अतिथिआगमन |
| तुला | सुयश | वृश्चिक | बेचैनी |
| धनु | धनलाभ | मकर | सफलता |
| कुम्भ | राज्यलाभ | मीन | वादविवाद |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फ्लेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com



सुनसरीको गढी गाउँपालिका–३ छिटाहामा मुङको दालको कोसा टिप्दै किसान। मुङको दाल एक कट्ठामा १५ देखि २० किलो फल्ने किसान बताउँछन्। तस्बिरः नवीन गड्तौला/रासस

## आगलागीबाट १५ लाख बराबरको क्षति

प्रस, निजगढ, ३ असार/

निजगढ नगरपालिका–२ सिंगौलमा सोमवार दिउँसो करिब डेढ बजे आगलागी हुँदा पूर्णरूपमा घर जलेर क्षति भएको छ। स्थानीय लीलाधर सापकोटाको दुई तले कच्ची घर जलेको इलाका प्रहरी कार्यालय, निजगढले जनाएको छ।



आगलागी नियन्त्रण गर्दै जनपद र सशस्त्र प्रहरीको टोली। तस्वीरः प्रतीक

भैंसीलाई खोले पकाउँदै गर्दा परालमा सल्केको आगोले घरमा आगलागी भएको जनाइएको छ। एक्कासि घरबाट आगोको मुस्लो निस्किएपछि स्थानीयले निभाउने प्रयास गरेका थिए। सिंगौलदेखि लगभग १० किलोमिटर पर रहेको निजगढस्थित सशस्त्र प्रहरी बल, विपद् व्यवस्थापन सुरक्षा बेस निजगढमा रहेको वारुणयन्त्रसहित सशस्त्र प्रहरी, इप्रका निजगढ, अस्थायी प्रहरी चौकी सिंगौलसहितका प्रहरी टोलीले आगोलाई नियन्त्रणमा लिने प्रयास गरे पनि नसकेको इप्रका, निजगढका प्रहरी निरीक्षक सुमित कुशवाहाले जानकारी दिए।

घर, लत्ताकपडा, भाँडाकुँडा लगायतका सामग्री जलेर पूर्णरूपमा नष्ट भएपनि मानवीय र पशुचौपाय क्षति नभएको प्रनि कुशवाहाले बताए। सुरक्षाकर्मी र स्थानीयहरूको सहयोगमा वरपरका घरहरूमा आगो लाग्न नदिन गरेको प्रयास सफल भएको प्रनि कुशवाहाले बताए। उनले आगलागी घटनामा करीब १५ लाख रुपैयाँ बराबरको धनमाल क्षति भएको प्रारम्भिक अनुमान गरिएको पनि उनले बताए।

## व्यापार सम्बन्ध विस्तार तथा पर्यटन विकासका लागि छलफल

प्रस, वीरगंज, ३ असार/

वीरगंज उद्योग वाणिज्य सङ्घ र भारतको पूर्वी चम्पारणमा अवस्थित मोतिहारी चेम्बर अफ कमर्शबीच द्विपक्षीय व्यापार सम्बन्ध विस्तार तथा पर्यटन विकासका लागि छलफल भएको छ। मोतिहारीमा आयोजित मोतिहारी चेम्बर अफ कमर्शको अर्द्धवार्षिक कार्यक्रममा उद्योग, व्यापार, पर्यटनलगायतका क्षेत्रहरूको खस्किंदो अवस्थालाई दृष्टिगत गरेर नेपाल र भारतका सीमाञ्चल क्षेत्रमा रहेका औद्योगिक एवं व्यापारिक सम्बन्ध विस्तारमा छलफल भएको हो।

कार्यक्रममा वीरगंज उद्योग वाणिज्य सङ्घका अध्यक्ष अनिलकुमार अग्रवालले वीरगंजको बढ्दो महत्त्व, यसले बोकेको सम्भावना र मुलुककै आर्थिक उन्नयनमा खेलेको भूमिका उजागर गर्दै यस क्षेत्रमा लगानी गर्न मोतिहारीका उद्योगीहरूलाई आग्रह गरे।

उनले नेपालमा औद्योगिक लगानी गर्न चाहनेहरूको लागि वीरगंज अत्यन्तै उपयुक्त ठाउँ रहेकोले लगानी गर्न आग्रह गरे। अध्यक्ष अग्रवालले नेपालको भौगोलिक विविधताका कारण विश्वका जुनसुकै मुलुकबाट आउने पर्यटकले रोजे अनुसारको हावापानी पाउने भएकोले जोसुकैको लागि नेपाल आकर्षणको केन्द्र बनेको बताउँदै पर्यटकको रूपमा नेपालका विभिन्न पर्यटकीय स्थलहरूको भ्रमण गर्न आग्रह गरे।

मोतिहारी चेम्बर अफ कमर्शका अध्यक्ष राजीव विजडमले वीरगंज नेपालको प्रमुख औद्योगिक क्षेत्र रहेको र कुल राजस्वमा करीब ५० प्रतिशतभन्दा बढी योगदान रहेको र औद्योगिक लगानीको लागि पर्याप्त सम्भावना रहेकोले इच्छुकहरूलाई वीरगंज क्षेत्रमा लगानी गर्न आग्रह गरे। साथै वीरगंज औद्योगिक विकासमा धेरै नै अगाडि बढिसकेकोले त्यहाँका उद्योगहरूले अपनाइरहेका प्रविधिहरू भित्र्याउनसमेत आग्रह गरे। कार्यक्रममा दुवै चेम्बरका पदाधिकारी, कार्यसमिति सदस्य, उद्योगी, व्यवसायीहरू सहभागिता थियो।

### स्थानीय तहद्वारा ...

तहले हिन्दू र मुस्लिमहरूका विभिन्न पर्वको नाममा लाखौं मूल्य बराबरका साडीहरू वितरण गरी अनियमितता गरेका हुन्। यहाँका अधिकांश स्थानीय तहले गौरमा रहेका चुकी इन्टरप्राइजेज, ओम साई जनरल एन्ड अर्डर सप्लायर्स, अमान ट्रेडर्सबाट रु २५ लाखभन्दा माथि एक स्थानीय तहले साडी खरीद गरेको महालेखापरीक्षकको कार्यालय रिपोर्टमा देखिएको छ। माथि उल्लिखित फर्महरूले स्थानीय तहलाई बिक्री गरेका साडीहरूको सङ्ख्यालाई हेर्ने हो भने विक्रेताले आयात गरेको सङ्ख्याभन्दा दोब्बर साडी वितरण भएको गौर भन्सारको तथ्याङ्कबाट प्रस्ट हुन्छ। सदरमुकाम गौरलगायतका बजारमा रहेका यी फर्महरूले अधिकांश साडी भारतबाट खरीद गर्छन्।

विभिन्न सीमावर्ती नाकाहरूबाट भन्सार छली गरेर साडीहरू यी फर्महरूले ल्याइरहेका छन्। भारतबाट भन्सार छलेर नेपाल भित्र्याइएका चार सयदेखि छ सयसम्म मूल्यका भारतीय साडीलाई चुकी इन्टरप्राइजेज, ओम साई जनरल एन्ड अर्डर सप्लायर्स, अमान ट्रेडर्सले १४ सयदेखि दुई हजारसम्मको बिल बनाइ स्थानीय तहका जनप्रतिनिधिहरूसँग मिलेर व्यापक अनियमितता गरिरहेका छन्। स्थानीय तहले साडी खरीद गर्ने यी फर्महरू बजारमा खोज्दा कतै भेटिंदैनन्।

कुनै कुनै स्थानीय तहले खरीद गरेका साडीको सङ्ख्यालाई विस्तृतरूपमा अनुसन्धान गर्ने हो भने सो पालिकामा रहेका महिलाहरूको सङ्ख्याभन्दा अधिक साडी खरीद गरेको पाइन्छ। स्थानीय तहले थोरै साडी खरीद गरी बढी साडीको बिल बनाउन लगाइ साडीमा पनि अनियमितता गरिरहेका छन्।

### मनाइयो ...

अल्लाहलाई खुशी पार्न मुसलमानले धर्मले जायज मानेका जनावरलाई कुर्बानी (बलि) दिएका छन्।

धार्मिक मान्यता अनुसार अल्लाहका नवी (दूत) इब्राहिम अलि सलामले ९० वर्षको उमेरमा पत्नी हाजराबाट प्राप्त गरेको सन्तान छोरा इस्माइललाई कुर्बानी गर्नुपर्ने आदेश प्राप्त भयो। त्यसलाई पालना गर्दा अल्लाह प्रसन्न भएर इस्माइलको कुर्बानी नभएर स्वर्ग (जन्नत)मा पालिएका दुम्बाको कुर्बानी भएको धार्मिक मान्यता छ। यसै कारण अहिलेसम्म कुर्बानी गर्ने प्रचलनलाई कायम राखेको मुस्लिम धर्मावलम्बीको भनाइ छ।

निस्सन्तान इब्राहिमले सन्तान प्राप्तिका लागि अल्लाहसँग मन्नत मागेका थिए। अल्लाहले मलाई सन्तानको सुख दियो भने म कुर्बानी गर्छु भन्ने इब्राहिमको प्रतिबद्धता थियो। सोहीअनुरूप अल्लाहले निजको परीक्षणस्वरूप सपनामा कुर्बानी गर्नुपर्छ भनेको थियो भन्ने मुस्लिम धर्मावलम्बीको विश्वास छ।

उनले धेरै जनावर कुर्बानी गरे तर अल्लाह खुशी भएका थिएनन्। उनले अन्तिममा आफ्ना सबैभन्दा प्यारा छोरालाई नै कुर्बानी गरी अल्लाहलाई राजी गर्न चाहेको बताइन्छ। यस घडीमा उनको परीक्षण सफल साबित भएपछि कुर्बानी गर्ने स्थानमा मानिसको होइन त्यही जन्नतमा पालिएर आएका दुम्बाको कुर्बान (बलि) भएको थियो।

कुर्बानीको मासु तीन भागमा बाँडी वितरण गरिन्छ। एक भाग गरीब एवं विपन्न परिवारलाई, अर्को एक भाग आफ्ना इष्टमित्रलाई र तेस्रो भाग आफैंले खानुपर्ने मुस्लिम धार्मिक मान्यता रहेको नेपाली जामे मस्जिदका सचिव मन्सुर हुसेनले बताए। यसै अनुसार आज पहिलो दिनको बकर इद मनाइएको छ। मुस्लिम धर्मावलम्बीले आजदेखि तीन दिन बुधवारसम्म यो पर्व मनाउनेछन्। बकर इदका अवसरमा आज सरकारले सार्वजनिक बिदासमेत दिएको छ।

# सीमावासीसँग सशस्त्र प्रहरीको अन्तर्क्रिया

प्रस, रौतहट, ३ असार/

नेपाल-भारत अन्तर्राष्ट्रिय सीमा क्षेत्रमा सशस्त्र प्रहरी बल नेपाल नं ११ गण हेडक्वार्टर, रौतहटले सीमावासीसँग अन्तर्क्रिया कार्यक्रम गरेको छ।



तस्वीरः प्रतीक

अन्तर्क्रियामा विवाह, चाडपर्व तथा अन्य धार्मिक कार्यक्रममा सीमावासीहरूले भारतबाट घरायसी सामानलगायत कृषिजन्य बीउबिजन र मलखाद ल्याउँदा बेहोर्नुपरेको हैरानी तथा समस्याबारेमा छलफल गरिएको थियो।

त्यस्तै, अन्तर्क्रियामा छोटी भन्सार कार्यालय सञ्चालन नहुँदा बेहोर्नुपरेको समस्या, भारतीय एसएसबीले आवतजावतको समयमा सीमावासीसँग गर्ने व्यवहार, सीमासँग पालिका जोडिएका स्थानीयवासीहरूले आफूले उत्पादन गरेका कृषिलगायत अन्य सामग्रीहरू जिल्लाभित्र एक स्थानबाट अर्को स्थानमा लैजाँदा सामाजिक सञ्जालको दुरुपयोग गर्दै फोटो, भिडियो बनाइ समाचार प्रकाशन गर्ने, सीमा तथा दशगजानजीक रहेका मदिरापसलहरू सञ्चालन गर्ने, सीमानाकाबाट आवतजावत हुने भारतीय सवारीसाधनको (विशेषगरी मोटरसाइकल) व्यवस्थापन गर्नुपर्ने, सीमापार अपराध र रोकथामलगायत विविध विषयहरूमा छलफल भएको थियो।

अन्तर्क्रियामा वर्षात्को समयमा बाढी/डुबानबाट हुने क्षति रोकथाम तथा न्यूनीकरणको लागि स्थानीय तहको तयारीबारे पनि छलफल गरिएको थियो। छलफलमा उठेका विषयहरूमा नगरप्रमुख प्रदीपकुमार यादव, गणपति सशस्त्र प्रहरी उपरीक्षक विक्रम हुमागाईंले प्रकाह पारेका थिए।

बौधीमाई नपा-७ बङ्कुलको सानो सीमास्तम्भ नं ३५५/७ नजीकै आँपबगैंचामा भएको छलफलमा सीमा सहजीकरण समितिका संयोजक तथा सदस्यहरू बौधीमाई नपा-७, परोहा नपा ७ र ८ का वडाध्यक्षहरू, सञ्चारकर्मी, स्थानीयवासी, शिक्षकलगायतको सहभागिता थियो।

## बालबालिकालाई मोबाइलको लतबाट जोगाऔं

बालबालिकामा मोबाइलको लत बसेपछि क्रियाशीलता घट्नु, निद्रामा कमी हुनु, मानसिक स्वास्थ्यमा समस्या हुनु, मोटोपन बढ्नु, कुलतमा फस्नु, पढाइमा मन नलाग्नु, आँखामा समस्या हुनु, रिस उठ्नु, परिवारमा घुलमिल हुन नचाहनुलगायतका असरहरू देखिन्छन्।

त्यसैले समयमैं सचेत होऔं।



१. मोबाइल प्रयोगको समय दैनिकरूपमा घटाउँदै लाने।
२. बालबालिकासँग रमाइला गफगाफ गर्ने, रोचक कुराहरू सुनाउने।
३. रातिको समयमा सकभर मोबाइल चलाउन नदिने तथा नकारात्मक प्रभावबारे जानकारी गराउने।
४. खेलकूद, चित्र कोर्ने, नाचगानलगायत सिर्जनात्मक अभ्यासमा लगाउने।
५. बिदाको दिन रमाइला स्थानहरूमा घुमाउन लैजाने।
६. बालबालिकाका कुरा झर्को नमानी सुन्ने, जिज्ञासाको सहज जवाफ दिने, गृहकार्य गराउँदा आफूले पनि समय दिने तथा बालबालिकासँगै थोरै समय रमाउने।

हाम्रो सानो प्रयासले बालबालिकाको भविष्य सुधार्न सक्छौं। त्यसैले आजैदेखि जिम्मेवार अभिभावक बनौं।

मधेस प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| | | जानकारीमा आएन | | |




## १२ लाखसहित एकजना पक्राउ

प्रस, वीरगंज, ३ असार/

सशस्त्र प्रहरीले सोमवार स्रोत नखुलेको १२ लाख रकमसहित एकजनालाई पक्राउ गरेको छ। सशस्त्र



प्रहरीले जनाए अनुसार सोमवार रक्सौलबाट वीरगंज आउँदै गरेको प्रदेश २-०३-०२०प ४२२२ नम्बरको मोटरसाइकललाई वीरगंज महानगर-१६ रजतजयन्तीमा चेकजाँच गर्दा जीतपुरसिमरा उपमहानगरपालिका-७ जीतपुर निवासी छठु महतो कोइरीबाट सो रकम बरामद भएको हो।

कोइरीले लगाएको हेलमेटभित्र १२ लाख लुकाइएको र निजबाट विभिन्न बैंकका चेक पनि फेला परेको सशस्त्र प्रहरीले जनाएको छ। बरामद रकम र मोटरसाइकल तथा युवकलाई आजै वीरगंज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरीले जनाएको छ।

# खेलकूदको संसार

## श्रीलङ्कासँग नेदरल्यान्ड्स पराजित

काठमाडौं, ३ असार/रासस

आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत सोमवार भएको समूह 'डी'को अन्तिम खेलमा श्रीलङ्काले नेदरल्यान्ड्सलाई पराजित गर्दै विजयी भएको छ।

सेन्ट लुसियास्थित डारेन शामी राष्ट्रिय क्रिकेट मैदानमा सम्पन्न समूह चरणको आफ्नो अन्तिम खेलमा श्रीलङ्का ८३ रनले विजयी भएको हो। जीतसँगै समूह 'डी'को श्रीलङ्काले चार खेलमा तीन अङ्क जोड्यो। पराजित नेदरल्यान्ड्सको भने समान खेलबाट दुई अङ्क नै छ। यस समूहबाट दक्षिण अफ्रिका र बङ्गलादेश विश्वकपको सुपर आठमा पुगिसकेका छन्।



तस्वीरः एजेन्सी

श्रीलङ्काले प्रस्तुत गरेको २०२ रनको विजयी लक्ष्य पछ्याएको नेदरल्यान्ड्स १६.४ ओभरमा सबै विकेट गुमाउँदै ११८ रनमा समेटियो। उसका लागि माइकल लेभिट र कप्तान स्कट एड्वाड्र्सले समान ३१/३१ रन जोडे। त्यस्तै, म्याक्स ओडोउड र साइब्रान्ड एन्जलब्रेख्तले समान ११/११ रन बनाए। आर्यन दत्तले १० रन जोडे।

श्रीलङ्काका लागि नुवान तुषाराले तीन विकेट लिए भने कप्तान वानिन्दु हसरङ्गा र मथिशा पथिरानाले समान दुई/दुई विकेट लिए। त्यस्तै, महेश तिक्क्षणा र डुसान सनाकाले समान एक/एक विकेट लिए।

त्यस अघि टस हारेर पहिल ब्याटिङको निम्तो पाएको श्रीलङ्काले निर्धारित २० ओभरमा छ विकेट गुमाउँदै २०१ रनको योफफल बनाएको थियो। श्रीलङ्काका लागि कुशल मेन्डिस र चरिथ अस्लङ्काले समान ४६/४६ रनको योगदान दिए।

त्यसैगरी, धनञ्जय डी सिल्भाले ३४ रन बनाए भने एन्जेलो म्याथ्युजले अविजित ३०, वानिन्दु हसरङ्गाले अविजित २० तथा कामिन्दु मेन्डिसले १७ रन बनाए। नेदरल्यान्ड्सका लागि लोगन भान विकले दुई विकेट लिए भने भिभियन किङ्मा, आर्यन दत्त, पउल भान मिक्रेन र टीम प्रिन्गेलले समान एक/एक विकेट लिए।

## नेपाल बङ्गलादेशसँग २१ रनले पराजित

काठमाडौं, ३ असार/रासस

आइसिसी टी-२० विश्वकप क्रिकेट प्रतियोगिता अन्तर्गत समूह चरणको आफ्नो अन्तिम खेलमा नेपाल बङ्गलादेशसँग पराजित भएको छ। वेस्ट इन्डिजको सेन्ट भिसेन्टस्थित अरनोस भाले रङ्गशालामा सम्पन्न खेलमा नेपाल बङ्गलादेशसँग २१ रनले पराजित भएको हो। यस खेलसँगै विश्वपकमा समूह 'डी'को समीकरण पूरा भएको छ। समूह 'डी'बाट दक्षिण अफ्रिका र बङ्गलादेश विश्वकपको दोस्रो चरणमा प्रवेश गरेका छन्। आठ अङ्क बटुलेको दक्षिण अफ्रिका शीर्ष स्थानमा रहँदै सुपर आठमा पुगेको छ भने छ अङ्क बटुलेको बङ्गलादेश दोस्रो स्थानमा रहँदै अघिल्लो चरणमा पुगेको हो।



यस समूहबाट नेपाल, नेदरल्यान्ड्स र श्रीलङ्का समूह चरणबाटै बाहिरिएका छन्। विश्वकपको यात्रा टुङ्गाएसँगै नेपाली टोलीका लेग स्पिन सन्दीप लामिछानेले भने टी-२० अन्तर्राष्ट्रिय क्रिकेटको आफ्नो ५४औं खेलमा १०० विकेट पुर्‍याउँदै विश्वको दोस्रो छरितो खेलाडीको नयाँ कीर्तिमान बनाउन सफल भएका छन्।

बङ्गलादेशविरुद्धको खेलमा उनले दुई विकेट लिएसँगै उनको १०० विकेट पूरा भएको हो। जारी विश्वकपमा सन्दीपको यो दोस्रो खेल हो। यस अघि अमेरिकाले भिसा नदिएपछि सन्दीपले अमेरिकामा नै भएको नेदरल्यान्ड्स र श्रीलङ्काविरुद्ध खेल गुमाउन पुगेका थिए। यद्यपि नेपाल र श्रीलङ्काको खेल भने वर्षाका कारण रद्द भएको थियो।

अफगानिस्तानका रासिद खानले ५३ खेलमा १०० विकेट लिंदै टी-२० अन्तर्राष्ट्रिय खेलमा सबैभन्दा कम खेलेर १०० विकेट लिने कीर्तिमान बनाएका थिए। आजको खेलमा बङ्गलादेशले जीतका लागि दिएको १०७ रनको विजयी लक्ष्य पछ्याएको नेपाल १९.२ ओभरमा सबै विकेट गुमाउँदै ८५ रनमैं समेटियो। नेपालका लागि कुशल मल्लले सर्वाधिक २७ रनको योगदान दिए। उनले ४० बलमा एक चौका र एक छक्काको सहायताले सर्वाधिक २७ रन बनाएका हुन्।

त्यसैगरी, दीपेन्द्रसिंह ऐरीले ३१ बलमा दुई चौका र एक छक्काको मदतमा २५ रन बनाए। त्यस्तै, आसिफ शेखले १४ बलमा चार चौका प्रहार गर्दै १७ रन बनाउनुबाहेक अन्य खेलाडीले दोहोरो अङ्कमा रन बनाउन सकेनन्। कुशल भुर्तेल चार रनमा आउट हुँदा रोहितकुमार पौडेल र सन्दीप जोरा समान एक/एक रनमा आउट भए। अनिल शाह, गुलशन झा, सोमपाल कामी, सन्दीप लामिछाने र अविनाश बोहोरा शून्यमा आउट भए।

नेपाललाई सस्तैमा समेट्ने क्रममा बङ्गलादेशका लागि तान्जिम हसन शकिबले चार विकेट लिए भने मुस्तफिजुर रहमानले तीन विकेट झारे। त्यस्तै, शकिब अल हसनले दुई र तस्किन अहमदले एक विकेट लिए।

त्यस अघि टस हारेर पहिला ब्याटिङको निम्तो पाएको बङ्गलादेशले १९.३ ओभरमा सबै विकेट गुमाउँदै १०६ रनको योगफल बनाएको थियो। बङ्गलादेशका लागि शकिब अल हसनले २२ बलमा दुई चौकासहित सर्वाधिक १७ रनको योगदान दिए। त्यस्तै, रिशाद हसनले सात बलमा एक चौका र एक छक्कासहित १३ रन जोडे। महमुदूल्लाह रियादले १३ बलमा दुई चौकाको सहायताले समान १३ रन जोडे।

यसैगरी, तक्किन अहमद र जाकेर अलीले समान १२/१२ रन जोडे भने लिटन दासले १० रन बनाए। तोह्वीद हृदोयले नौ, कप्तान नाज्मुल हसन सान्टाले चार तथा तान्जिम हसन शकिब र मुस्तब फिजुरर्हमानले समान तीन/तीन रन बनाए। नेपालका सोमपाल कामी, दीपेन्द्रसिंह ऐरी, सन्दीप लामिछाने र रोहितकुमार पौडेलले समान दुई/दुई विकेट लिएका थिए। यस खेलसँगै जीतविहीन रहँदै नेपालले विश्वकपको यात्रा टुङ्गायो।

# ठोरी र जीराभवानीका महिलालाई अचार बनाउने तालीम

प्रस, वीरगंज, ३ असार/

सूर्य नेपाल प्रालि, सिमरा, बाराले पर्सा जिल्लाको ठोरी र जीराभवानी गाउँपालिकाका महिलाहरूलाई अचार बनाउने तालीम दिएको छ।



तस्वीरः प्रतीक

बाग्मती कन्सल्टेन्सी, हेटौंडाका प्रशिक्षकहरू भीम भुजेल, शान्ति थापा, रमला कटुवालले ठोरी गापा-४ सुवर्णपुर र जीराभवानी गापा-४ सुपौलीका २५/२५ जना महिलालाई २० दिने अचार बनाउने तालीम दिएका थिए।

आइतवार तालीम समापन भएको सूर्य नेपालका यज्ञबहादुर आलेले बताए। समापन कार्यक्रममा सूर्य नेपालका कारखाना व्यवस्थापक सुरेशकाजी श्रेष्ठले रोजगार क्षेत्रमा महिलाको सङ्ख्या बढाउन सूर्य नेपालले अचार बनाउने तालीम आयोजना गरेको बताए। उनले सीप सिकाउने, सीप अनुसारको व्यवसाय गर्न महिलाहरूलाई अभिप्रेरित गर्ने र व्यवसायको प्रवर्द्धन गर्ने कारखानाको उद्देश्य रहेको बताए।

उनले सीप सिकेका सबै महिलालाई सीप अनुसारको रोजगार गर्न सुझाव दिए।

समापन कार्यक्रममा ठोरी गापाका वडाध्यक्ष अष्टबहादुर लोप्चन, जीराभवानी गापाका वडाध्यक्ष राजेश्वरदास थारू, सूर्य नेपालका रोशन अधिकारीलगायतको सहभागिता थियो। तालीममा महिलाहरूलाई ११ प्रकारका अचार बनाउन तालीम दिइएको र दुवै तालीममा सूर्य नेपालले सवा आठ लाख खर्च गरेको बताइएको छ।